**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १६६ ★ ने. सं. ११४६ तछला गा, अष्टमी ★ बुधबार ★ २४ असार, २०८३ ★ July 8 , 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





भूकम्पले थलिएको दक्षिण अमेरिकी देश भेनेजुयलाको राजधानी कराकसस्थित सिमोन बोलिभार अन्तर्राष्ट्रिय विमानस्थलमा भेनेजुयाली जनताका निम्ति चीन सरकारले पुऱ्याएको आपत्कालीन राहत सहायता सामग्री जुलाई ६, २०२६ का दिन । जेनेरेटरहरू, पानी सफा गर्ने उपकरण, सौर्य बत्तीहरू, पालहरू, ओढ्ने ब्ल्याङ्केटलगायत गरी ८० टनभन्दा बढी सामान कार्गो विमानमार्फत एकैरातमा पेइचिङबाट कराकस पुऱ्याएको हो । चिनियाँ उद्धारकर्मीहरूको एक टोली भूकम्प पीडितहरूको उद्धार कार्यमा भेनेजुयलामा सक्रिय रहेको छ ।

*तस्बिर : सिन्ह्वा*

## जाँचबुझ आयोगमा मृतक परिवारहरूको बयानको सार सङ्क्षेप - ४८

**मृतक अर्जुन भट्टका दाजु अभिलाख भट्टको कागज व्यहोरा :**

अध्ययनका लागि विदेश जाने तयारीमा रहेका मेरो भाइ अर्जुन भट्ट भदौ २४ गते मसँगै आन्दोलनमा थिए । कालिमाटी प्रहरी वृत्तका प्रहरीले चलाएको गोली लागेपछि साथीभाइले अस्पताल पुऱ्याएका हुन् । बयोधा अस्पतालमा उसको मृत्यु घोषणा भएको हो । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ । दोषीलाई कडाभन्दा कडा कारबाही हुनुपर्दछ ।

**मृतक दीपक सिंह साउदका दाजु वीरेन्द्र सिंह साउदको कागज व्यहोरा :**

मेरो भाइ दीपक सिंह साउद भदौ २३ गते बानेश्वरस्थित आन्दोलनमा सँगै अध्ययनरत साथीहरूसँग सहभागी थिए । भदौ २४ गते १२-१ बजेतिर कालिमाटी चोकमा गोली लागेपछि एम्बुलेन्सले नै बयोधा अस्पताल र थप उपचारको लागि वीर अस्पताल लगिएको रहेछ । भाइको असोज २६ गते अस्पतालमा नै मृत्यु घोषणा भएको हो । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ । दोषीलाई कारबाही गरी न्याय प्रदान गर्नुपर्छ । घटनाको जिम्मेवार तत्कालीन सरकार प्रमुख, सुरक्षाकर्मी र तिनका कमान्डर हुन् । सुशासन, भ्रष्टाचारमुक्त समाज, रोजगारीको ग्यारेन्टी होस् र मौलिक हकको हनन नहोस् ।

**मृतक सारकुमार राईकी श्रीमती सुनिता राईको कागज व्यहोरा :**

मेरो श्रीमान् सारकुमार राई कक्षा ८ सम्मको पढाइ गरेर पेन्टर काम गर्थे । भदौ २३ र २४ गते दुवै दिन आन्दोलनमा सरिक थिए । भदौ २४ गते गोली लागेपछि अस्पतालमा नै मृत्यु घोषणा भएको हो । उपचारको क्रममा ढिलाइ वा लापरबाही भएको छैन । सुरक्षाकर्मीले बिनाचेतावनी गोली प्रहार गरेका रहेछन् । नेपाल सरकारबाट राहत स्वरूप रु.१५ लाख पाएका छौँ । घटनाको जिम्मेवार तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षकलगायत हुन् । देशमा सुशासन कायम भई दोषीलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ ।

**मृतक धिरज श्रेष्ठका बुबा नारायण श्रेष्ठको कागज व्यहोरा :**

मेरो कान्छो छोरा धिरज श्रेष्ठ स्नातक तहको पढाइ सकेर व्यवसाय गर्दै विदेश जाने तयारीमा थियो । तत्कालीन सरकारविरुद्ध भदौ २३ गतेको दिन जियनजेड पुस्ताले गरेको बानेश्वरस्थित आन्दोलनमा सहभागी भएका थिए । भदौ २४ गते तार्केश्वर अस्पतालले नै मृत घोषित गरेको थियो । उपचारको क्रममा ढिलाइ वा लापरबाही भएको थाहा भएन । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ । दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ ।

**मृतक योगेन्द्र न्यौपानेका भाइ सुजन न्यौपानेको कागज व्यहोरा :**

मेरो दाजु योगेन्द्र न्यौपाने स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी थिए । भदौ २३ गते योगेन्द्र बानेश्वरस्थित आन्दोलनमा सहभागी थिए । उहाँले भन्नुभएको थियो, “अन्तिम पटक गोली चलाउन सुरु भयो म फर्किन लागेँ ।” घटनासम्बन्धी आन्दोलनमा हिँडेको भिडियो फुटेज प्राप्त गरेका छौँ । उपचारको क्रममा ढिलाइ वा लापरबाही

*बाँकी पृष्ठ ८ मा*

## दलको सिद्धान्त र विचारलाई निषेधको राजनीति गर्नु गलत

काठमाडौँ, २३ असार । कुनै पनि प्रजातान्त्रिक देशमा सबै विचारका दल र दलका जनतालाई स्थान दिनुपर्छ । कुनै दलको दर्शन र विचारलाई स्थान नदिने देश कहिल्यै प्रजातान्त्रिक हुनेछैन । प्रजातान्त्रिक मुलुकमा सबै दलले राजनीति गर्न पाउँछ, पाउनुपर्छ । अरु दलको विचारलाई स्थान नदिने, आफ्नो दलले बाहेक अरू दलले राजनीति गर्न पाउँदैन भन्नु निरङ्कुशतन्त्र हो । निरङ्कुश देशमा जनताका हक अधिकार हनन हुन्छ । आफ्नो सिद्धान्त, दर्शन र विचार प्रचार प्रसार गर्दा दमन गर्छ, पक्राउ गर्छ भने त्यो सह्य हुँदैन । असार २२ गते प्रकाशित ‘गोरखापत्रमा’ ‘अमेरिकामा कम्युनिस्टलाई कुनै स्थान छैन’ भन्ने शीर्षकको समाचार छापियो । अमेरिकी राष्ट्रपति ट्रम्पले कम्युनिस्टको लागि अमेरिकामा कुनै स्थान नभएको दाबी गरे ।

साम्राज्यवादको प्रतिनिधित्व गर्ने दलले कम्युनिस्ट सिद्धान्त र विचारलाई अस्वीकार गर्नु, कम्युनिस्ट सिद्धान्त र विचारविरूद्ध बोल्नु र झूट कुरा फलाकेर जनतालाई अन्योल पार्ने काम गर्नु अस्वाभाविक होइन । पुँजीवादी व्यवस्थाको वकालत गर्नु र पक्षपोषण गर्नु अन्यथा होइन । तर, देशमा कम्युनिस्ट पार्टीलाई स्थान छैन; कम्युनिस्ट पार्टीले राजनीति गर्न पाउँदैन भन्ने जस्ता कुनै दलको सिद्धान्त र विचारलाई निषेध गर्ने काम सरासर झूट हो । साम्राज्यवादी देश अमेरिकाकै दम्भको कारण साम्राज्यवादी नीतिको विरोधमा संसारभरका जनताले मात्र होइन लाखौँ-करोडौँ अमेरिकी जनताले नै अमेरिकी प्रशासनको हुङ्कार, दमन र आक्रमणको विरोधमा सभा र प्रदर्शन गरे । यो अमेरिकी प्रशासनको निम्ति ठुलो हाँक हो । अमेरिकी प्रशासनको विरोधमा लाखौँ अमेरिकी जनताले गरेको पटक-पटकको विरोध प्रदर्शन र सभाले अमेरिकी राष्ट्रपति ट्रम्पको इज्जत र प्रतिष्ठामा दाग लागेको मात्र होइन; उनको छविमा नराम्रो असर परेको छ । त्यो भन्दा पनि संसारका मुलुकमा मात्र होइन स्वयं अमेरिकामा साम्राज्यवादविरोधी भावनाको स्वर सल्केको पाइन्छ ।

साम्राज्यवादी नीति र आक्रमणको विरोधमा अमेरिकामा प्रगतिशील, देशभक्त र वामपन्थी शक्तिको प्रवाह बढ्दै छ । कम्युनिस्टहरूले अमेरिकी आक्रमणको जुलुस र सभा गरे; सरकारलाई खबरदारी गरेर साम्राज्यवादी

*बाँकी पृष्ठ ८ मा*

### *व्यङ्ग्यचित्रको कुनो*




## के यी सत्य हुन् ?

- वरिष्ठ पत्रकार देवप्रकाश त्रिपाठीले आकाशको छिमेकी (संरा अमेरिका) लाई खुसी पार्न जमिनको छिमेकी (चीन) लाई बिच्काउने रास्वपा सरकारको कामले नेपालको भविष्य थप अन्धकार बनाउने चिन्ता व्यक्त गरेको सार्वजनिक भयो ।
- समाचार प्रकाशित भयो- संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार अमेरिका र इरानबिच सम्झौता हुने वा आवश्यक परे सैन्य कारबाही गर्ने दोहोऱ्याएपछि विश्व बजारमा तेलको भाउ पुन: बढेको छ ।
- विश्लेषक मुमाराम खनालले प्राइम टीभीमा भने, “हिजो नेका, एमाले, माओवादीको नाङ्गो नाच हेरेका जनता अहिले रास्वपाको बाँदर नाच हेर्न बाध्य छन् । के रवि लामिछाने नेल्सन मण्डेलाजस्तो जेलबाट छुट्ने, सहकारी ठग्ने, जलाउनेमा यिनीहरूको हात भएको प्रत्येक भिडियोमा छैन ? तत्कालीन सरकारले माओवादीलाई आतङ्ककारीको आरोप लगाई गोली ठोकेको थियो । के अहिले यिनीहरूले मुक्ति पाउने ?”
- गएको भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीको उपद्रव हुनुअघि रास्वपाका सभापति रवि लामिछानेले भनेका थिए, “हामीलाई एकसय दिन सरकार चलाउन दिनुस् । मात्र १३ वटा मन्त्रालय सबै रास्वपाले चलाउँछ । यो देशमा थिति कसरी बसाल्नुपर्छ, रातारात गरेर देखाइदिन्छौँ !
- सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक भयो - विदशी प्रतिनिधिलाई भेट अस्वीकार गर्दै आएको बालेनले २५ अर्ब ऋण लिन एडीबीका अध्यक्षलाई प्रधानमन्त्री कार्यालयमा भेटे । के रास्वपा सरकारले देशलाई ऋणको पासोमा फसाउँदै छ ?
- रास्वपाका पूर्वसांसद एवम् पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले रास्वपाको वर्तमान सरकार इतिहासमै नालायक भएको बताएको सार्वजनिक भयो ।



**बिक्रीका लागि हरियो मकै गाडीमा लोड गर्दै किसान**
काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका वडा नं ४ समाज कल्याण नजिकैको खेतबाट बिक्रीका लागि हरियो मकै गाडीमा लोड गर्दै किसान । यहाँबाट लगिएको मकै भक्तपुर, काठमाडौं र ललितपुरको विभिन्न स्थानमा लगेर बिक्री गरिन्छ । *तस्बिर: पेमा लामा/रासस*

# एकसाताभित्र किसानलाई करिब ५२ करोड राहत उपलब्ध गराइने

काठमाडौं, २३ असार । पशुसेवा विभागले बर्डफ्लुबाट प्रभावित ११ जिल्लामा रोग नियन्त्रणका क्रममा नष्ट गरिएका पन्छी तथा वस्तुको क्षतिपूर्तिस्वरूप रु. ५२ करोड एक साताभित्र किसानलाई उपलब्ध गराउने तयारी गरेको छ ।

विभागले रोग नियन्त्रणका क्रममा किसानका नष्ट गरिएको पन्छी, अण्डा तथा दानाबापत सम्बन्धित धनीलाई क्षतिका रकम मूल्याङ्कनका आधारमा ७५ प्रतिशत राहतस्वरूप उपलब्ध गराउने तयारी गरेको हो ।

विभागका प्रवक्ता मुकुल उपाध्यायले पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीको क्षति प्रमाणित भएर माग दाबी गरेका सम्बन्धित धनीका बैङ्क खातामा एकसाताभित्र रकम भुक्तानी गरिने जानकारी दिनुभयो । उहाँका अनुसार असार मसान्तसम्म क्षतिपूर्ति लिन नसकेका किसानलाई नयाँ आर्थिक वर्षमा रकम उपलब्ध गराइनेछ ।

बर्डफ्लु नियन्त्रण नियमावली अनुसार प्रमाणित क्षतिको मूल्याङ्कन गरेर किसानलाई राहत वितरण गरिने जनाइएको छ । विभागका प्रवक्ता उपाध्यायले पन्छी तथा पन्छीजन्य वस्तु नष्ट गरेको सबै प्रमाणसहित जिल्ला पशुसेवा कार्यालयमा निवेदन दिन सम्बन्धित किसानलाई आग्रह गर्नुभयो ।

बर्डफ्लु सङ्क्रमणका कारण काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासी जिल्ला बढी प्रभावित भएका छन् । हालसम्म करिब सात लाख पन्छी, ११ लाख अण्डा र तीन लाख किलो दाना नष्ट गरिएको तथा करिब रु. ७० करोड बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको विभागले जनाएको छ ।

**गत वर्षको तुलनामा १२.६२ प्रतिशतले रोपाइँमा कमी**

मौसमको प्रतिकूलताका कारण यसवर्ष देशभर धान रोपाइँ गत वर्षको तुलनामा १२ दशमलव ६२ प्रतिशतले कमी आएको छ । गत वर्ष ४५ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ३२.३८ प्रतिशत रोपाइँ भएको हो ।

सोमबारसम्म देशभर चार लाख ४३ हजार ५९५ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो । उहाँका अनुसार रोपाइँ हुने क्षेत्रफल १३ लाख ७० हजार ६२ हेक्टर हो ।

सुदूरपश्चिम प्रदेशमा ५७ दशमलव नौ, गण्डकीमा ४१, कर्णालीमा ४० दशमलव पाँच, लुम्बिनीमा ३७ दशमलव तीन, वाग्मतीमा ३३ दशमलव दुई, कोशीमा ३१ दशमलव पाँच र मधेस प्रदेशमा १५ दशमलव छ प्रतिशत रोपाइँ भएको विभागले जनाएको छ ।

जलवायु परिवर्तनको असरले समयमा मनसुन सक्रिय नभएकाले रोपाइँमा कमी आएको भए पनि देशका अधिकांश ठाउँमा वर्षा भएपछि रोपाइँमा सुधार आउने महानिर्देशक सञ्जेलले बताउनुभयो ।

धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिए पनि मधेस प्रदेशमा १५ दशमलव छ प्रतिशत मात्र रोपाइँ भएकाले धान उत्पादनमा कमी आउने प्रक्षेपण गरिएको उहाँको भनाइ छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कुल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको जनाइएको छ । *(रासस)*

# पहिरोका कारण सडक अवरुद्ध

काठमाडौँ, २३ असार । अविरल वर्षासँगै आएको पहिरोले जाजरकोट-डोल्पा सडक, रुकुम-घोराही सहिद मार्ग र भेरी करिडोर सडकखण्ड पूर्ण रूपमा बन्द भएका छन् ।

वर्षाका कारण पहिरो आउँदा जाजरकोट जिल्लाको नलगाढ नगरपालिका-८ मलुवास्थित जाजरकोट-डोल्पा सडकखण्ड पूर्ण रूपमा बन्द भएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

उहाँले असार २२ गते रोल्पाको माडि गाउँपालिका-६ हार्निङमा पहिरो आउँदा रुकुम घोराही सहिद मार्ग बन्द भएको जानकारी दिनुभयो ।

त्यसैगरी, असार १७ गते रुकुमपश्चिम आठबिसकोट नगरपालिका-६ रिजेगाडे खोलामा आएको बाढीका कारण पूर्ण रूपमा अवरुद्ध भएको भेरी करिडोर हालसम्म सञ्चालनमा आएको छैन । वर्षाका कारण अवरुद्ध भएका केही मुख्य राजमार्ग आंशिक तथा एकतर्फी रूपमा सञ्चालनमा आएका छन् भने केही सडक खुलाउने प्रयास भइरहेको केन्द्रीय प्रवक्ता काफ्लेले बताउनुभयो ।

पूर्ण रूपमा अवरुद्ध भएका राजमार्ग सञ्चालन नहुँदासम्म यात्रा नगर्न तथा आंशिक रूपमा सञ्चालनमा आएका सडकमा सावधानी अपनाएर मात्र यात्रा गर्न सर्वसाधारणलाई नेपाल प्रहरीले अनुरोध गरेको छ ।*(रासस)*

# सात जिल्लामा बर्डफ्लु नियन्त्रण

काठमाडौँ, २३ असार । झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा बर्डफ्लु रोग नियन्त्रणमा आएको छ ।



बर्डफ्लु सङ्क्रामक रोग हो । पन्छीजन्य यो रोग पछिल्लोपटक ११ जिल्लामा फैलिएको थियो । पशुसेवा विभागका अनुसार चार जिल्ला क्रमश: काठमाडौँ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकमा बर्डफ्लु नियन्त्रणमा आउन सकेको छैन ।

रोगलाई नियन्त्रण गर्न विभागले प्रविधिक टोली परिचालन गरी सङ्क्रमित क्षेत्रका सम्पूर्ण पन्छी, पन्छीजन्य पदार्थ तथा पन्छी उत्पादन सामग्री नष्ट गरी सुरक्षित व्यवस्थापन गरेको विभागका प्रवक्ता डा. मुकुल उपाध्यायले जानकारी दिनुभयो ।

रोग नियन्त्रणका क्रममा पशु क्वारेन्टाइन कार्यालयले उच्च सतर्कता अपनाएर गस्ती परिचालन गरी अवैध रूपमा पैठारी गरिएका पन्छी नष्ट गरिएको थियो । हाल रोग नियन्त्रणमा आएपश्चात् ओसारपसार खुकुलो बनाइएको विभागले जनाएको छ ।

विभागका प्रवक्ता उपाध्यायका अनुसार बर्डफ्लु पन्छीमा लाग्ने उच्च मृत्युदर भएको सङ्क्रामक रोग भएकाले रोग देखा परेको क्षेत्रमा सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वय र सहकार्यमा आवश्यक जनशक्ति परिचालन गरिएको जाकारी दिनुभयो । *(रासस)*

# एआई र सोसियल मिडिया हायन्डलिङसम्बन्धी सीपमूलक फ्रि एआई कन्टेन्ट क्रेसन एन्ड सोसियल मिडिया म्यानेजमेन्ट कोर्स तालिम

भक्तपुर, २३ असार । वागीश्वरी कलेजले कक्षा १२ को परीक्षा दिइबसेका विद्यार्थीहरूका लागि सञ्चालित एआई र सोसियल मिडिया हायन्डलिङसम्बन्धी क्षमता अभिवृद्धि गर्न सीपमूलक फ्रि एआई कन्टेन्ट क्रेसन एन्ड सोसियल मिडिया म्यानेजमेन्ट कोर्स तालिम सम्पन्न गरेको छ ।

३० घण्टे उक्त तालिम सम्पन्न कार्यक्रममा कलेजका संयोजक ज्ञानसागर प्रजापतिले तालिममा सिकेको सीप व्यवहारमा लागू गर्न सुझाव दिँदै जानेको सीपको गलत प्रयोग भए कानुनको फन्दामा पर्न सक्नेमा सचेत पार्नुभयो ।

प्लस टु उत्तीर्ण भएपछि अब उच्च शिक्षाको तहमा पुगेकाहरूको बोली व्यवहार पनि त्यही उचाइको हुनुपर्नेमा जोड दिँदै वागीश्वरी कलेजले शैक्षिक योग्यतासँगै सीप र उद्यमशील बन्न विद्यार्थीलाई बीउ पूँजीसमेत दिइआएको चर्चा गर्नुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले एआईबारे सीप सिक्नु समय सान्दर्भिक भए पनि कृत्रिम बौद्धिकता भरपर्दो र विश्वासिलो नहुने कुरामा प्रयोगकर्ता सचेत हुन आवश्यक छ भन्नुभयो ।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा ४८ जना प्रशिक्षार्थीलाई प्रमाण पत्र प्रदान गरिएको थियो । कार्यक्रममा प्रशिक्षार्थीहरूको तर्फबाट राकेश डाकुसीले तालिममा आफूहरूले सिकेका सीपहरूका बारेमा अनुभव सुनाउनुभएको थियो । कार्यक्रममा कलेजका मानविकी इन्चार्ज राजन फेलुले पनि बोल्नुभएको थियो ।

# राष्ट्र बैङ्कद्वारा २५ अर्बको ऋणपत्र जारी

काठमाडौँ, २३ असार । नेपाल राष्ट्र बैङ्कले रु. २५ अर्बको ऋणपत्रको बोलकबोलको लागि आह्वान गरेको छ । बैङ्कद्वारा आज यहाँ जारी सार्वजनिक सूचनामा ऋणपत्र २०८४ 'ङ' अनलाइनमार्फत बोलकबोल गर्न सकिने उल्लेख छ । ऋणपत्रको बोलकबोलमा राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्था (काउण्टरपार्टी) मात्र सहभागी हुन पाउने उल्लेख छ ।

काउण्टरपार्टीले ऋणपत्रको बोलकबोलमा कबोल गर्न चाहेको रकम र ब्याजदर (दशमलवपछिको हकमा चार अङ्कसम्म) उल्लेख गर्नुपर्ने बताइएको छ । राष्ट्र बैङ्कले न्यूनतम रु. पाँच करोड र बढीमा पाँच करोड रूपैयाँले भाग गर्दा नि:शेष भाग जाने गरी कूल आह्वान रकमसम्म बोलकबोल गर्न सकिने जनाइएको छ । *(रासस)*

# दुप्चेश्वर महादेवको सङ्क्षिप्त चर्चा

**● इन्द्र**

नेपालका प्रसिद्ध धार्मिक तीर्थस्थलमध्ये दुप्चेश्वर महादेव पनि एक हो । यो नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका वडा नं. ६ मा अवस्थित छ । यो पहाडको ढुङ्गे खोँच भिरालोमा रहेको छ । चाँगुनारायण नगरपालिका, सूर्यविनायक नगरपालिकाजस्तै दुप्चेश्वर महादेवको नामबाट त्यो गाउँपालिकाको नामकरण गरिएको पाइन्छ । यो ठाउँमा वन पाखा, खेती फाँटको बिचमा दूध कोसीजस्तो ताडी नदी बगेको छ । यो प्राकृतिकरूपले रमणीय स्थल पनि हो । यो काठमाडौँको सामाखुसीबाट ६५ किलोमिटर उत्तरतिर अवस्थित छ । बाटो पिच र राम्रो छ । महादेव मन्दिरको माथितिर मकै, धानलगायत खेतबारी देखिन्छ । यो भोलेनाथ भिर, खोँचमा कोठाजस्तो खोपीमा रहेको छ । त्यहीँ भएर होला माथि प्राय: सबै ढुङ्गाको चिरा, काप, खोँचबाट पानी टपटप चुहिरहेको अवस्था छ । तलबाट माथि महादेव मन्दिर रहेको ठाउँसम्म जाने सहज बाटो नभएको हुँदा उक्लन र ओर्लिन सहज बनाउन ढुङ्गामा, भिरमा खोपेर बाटो बनाएको छ । भक्तजनलाई घामपानीबाट जोगाउन खुड्किलोभरि माथि प्लास्टिकको छानो राखेको छ ।

अरु बेला पनि दैनिकजस्तो नुवाकोट, रसुवा, धादिङ, काठमाडौँ उपत्यकालगायत देशको विभिन्न ठाउँमा धर्मावलम्बीहरू दर्शन गर्न आउने गर्दछन् ।

बोली नफुटेको बच्चालाई यहाँ ल्याएपछि बोली फुट्ने विश्वास गरिन्छ । त्यही भएर होला धर्मावलम्बीहरूले पूजा सामग्रीसँगै दूध पनि पूजा सामग्री बेच्ने व्यापारीसँग किनेर लगी महादेवलाई चढाउने गरिन्छ ।

मन्दिर परिसरसँगै ताडी खोलामा बाँध बनाउने काम भइरहेको छ । यो खोलाको पानी त्यस बाँधमार्फत नहर कुलोको माध्यमबाट तल दुप्चेश्वर, ताडी, लिखु गाउँपालिकाको फाँटमा सिँचाइ गर्न लाने कुराको अनुमान लगाउन गाह्रो भएन । यो कृषिप्रधान देशको लागि राम्रो काम हो । भूगोलअनुसार संस्कृति र खेतीपाती पनि फरक हुन्छ भन्ने कुरा यहाँ देखियो । यहाँका किसानहरूले मकै बोटमै सुकाएर घर लाने गरेका छन् । त्यस्तै यहाँको तापक्रम बढी वा गर्मी भएको हुँदा दुई बाली धान लगाइने गरिन्छ । एउटा चैते धान जुन जेठमा भित्र्याएर असारमा अर्के बर्से धान रोप्ने गरिन्छ । धान कुटेको, झारेको, पराल घर वरपर रुखमा, बाँस वा काठको मुढा गाडेर त्यसलाई मेरुदण्डको रूपमा राखेर कुन्यू राख्ने गरिन्छ । जुन गाई, भैंसी, बाखालाई खुवाउन र सोत्तर हाल्न प्रयोग गरिन्छ ।

बाटामा स्कूले नानी बाबुहरू गाई, भैंसी, बाखा, खसी बोका चराउँदै गरेको देखिन्छ । त्यो किसानहरूको बाध्यता हो । त्यसो गरिएन भने घर चल्दैन । त्यसले गर्दा किसानका सन्तानले चाहेर पनि राम्रोसँग पढ्न समय हुँदैन र पढ्न सक्दैन । समयमा स्कूल आउन पाउँदैन । विद्यालय घरबाट, गाउँबाट टाढा हुन्छ । उनीहरू प्राय: गरेर गरिब किसानका सन्तान हुन्छन् । उनीहरू भनेका घरका अप्रत्यक्ष आय आर्जनका स्रोत हुन् । उनीहरूले बोर्डिङ स्कूलमा जस्तो, धनीका सन्तानले जस्तो चाहेर पनि पढ्न सक्दैनन् जबसम्म तिनका आमाबाबु आर्थिक रूपले सम्पन्न हुँदैनन्; आत्मनिर्भर हुँदैनन् । त्यसैले राज्यले नै सबैलाई आर्थिक रूपले आत्मनिर्भर, रोजगारीको बन्दोबस्त गर्नु आवश्यक छ । यो पुँजीवादी सरकारले गर्दैन । त्यो समाजवादी व्यवस्थामा मात्र सम्भव छ । त्यसको लागि सबै नेपाली, मजदुर, किसान एकजुट भएर लागेमा टाढा हुने छैन । यसरी यो दुप्चेश्वर ताडी, लिखुको कृषि फाँट, हरियाली र दुप्चेश्वर महादेव धार्मिक र प्राकृतिक रूपमा रमणीय तीर्थस्थल हो ।

## सङ्क्षिप्त समाचार

# सुदूरपश्चिम प्रदेशसभामा आगामी आर्थिक वर्षको बजेट टेबल

सुदूरपश्चिम, २३ असार । सुदूरपश्चिम प्रदेश सरकारले यही असार १ गते सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को बजेट प्रदेशसभामा टेबल गरिएको छ ।

आज बसेको बैठकमा प्रदेश सरकारका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले बजेट टेबल गर्नुभएको हो । सभामुख भीमबहादुर भण्डारीले बैठक सुरु हुनासाथ समय दिएपछि आर्थिक मामिलामन्त्री धामीले 'अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक' र प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सभासमक्ष टेबुल गर्नुभएको थियो ।

बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले महालेखापरीक्षकको आठौँ वार्षिक प्रतिवेदन २०८३, थारू आयोग, मुस्लिम आयोग र मधेसी आयोगका सातौँ वार्षिक प्रतिवेदन सभामा पेस गर्नुभयो ।

गत असार १ गते आव २०८३/८४ को बजेट प्रस्तुत भएपछि आज बसेको बैठकमा बजेट टेबल भएपछि अब बाँकी प्रक्रिया अगाडि बढ्ने छन् । प्रदेश सरकारले आगामी आवका लागि रु. ३७ अर्ब ७० करोड ३९ लाख ६६ हजार विनियोजन गरेको छ ।

बजेटको खर्च व्यहोर्ने स्रोततर्फ आन्तरिक राजस्व परिचालनबाट रु. एक अर्ब ७२ करोड, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रकम रु. १० अर्ब २४ करोड ९२ लाख ६६ हजार रहेको छ ।

यस्तै, सङ्घीय रोयल्टी बाँडफाँटबापत प्राप्त हुने रु. सात करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. नौ अर्ब छ करोड ३३ लाख, आव २०८२/८३ को विनियोजनबाट बचत हुने रु. नौ अर्ब ६५ करोड, सशर्त अनुदानबाट प्राप्त हुने रु. छ अर्ब तीन करोड ५८ लाख, सङ्घीय समपूरक अनुदानबाट प्राप्त हुने रु. ३८ करोड ८० लाख र विशेष अनुदानबाट रु. ५२ करोड ७६ लाख प्राप्त हुने अनुमान रहेको छ ।

उक्त बजेट प्रस्तुत भएपछि सत्तासाझेदार दलहरूबिच नै मतभेद भएपछि २२ दिनपछि बाँकी प्रक्रिया अगाडि बढेको हो । अब अर्को बैठकमा बजेटसम्बन्धी छलफल अगाडि बढ्नेछ ।

प्रदेशसभाको अर्को बैठक सूचना जारी नभएसम्मका लागि स्थगित भएको सभामुख भण्डारीले सभालाई जानकारी गराउनुभयो । ***(रासस)***

# प्राङ्गारिक उत्पादनलाई बजारीकरण गर्न बिक्री कक्ष

चितवन, २३ असार । जिल्लामा उत्पादित प्राङ्गारिक कृषिजन्य उत्पादनको बजारीकरणका लागि बिक्री कक्ष स्थापना गरिएको छ । भरतपुर महानगरपालिका-७ मा जिल्ला प्राङ्गारिक सङ्घ चितवनको प्राङ्गारिक बिक्री कक्ष स्थापना गरिएको हो ।

जिल्ला कृषि विकास कार्यालय चितवनको सहयोग र सङ्घको समन्वयमा रु. २० लाखको लागतमा बिक्री केन्द्र स्थापना गरिएको हो । सङ्घका अध्यक्ष चन्द्रप्रसाद अधिकारीका अनुसार उत्पादनको सन्तुलन नमिल्दा बजारीकरणमा समस्या भएपछि आफ्नै बिक्री कक्ष स्थापना गरिएको छ । उहाँले भन्नुभयो, "कुन सिजनमा कुन वस्तु कुन किसानले उत्पादन गर्ने भन्ने विषयमासहज होस् भनेर बिक्री केन्द्र स्थापना गरिएको हो ।" प्राङ्गारिक खेती गर्ने किसानले यस कक्षमा ल्याएर सामान बिक्री वितरण गर्न छोड्न सक्नेछन् । केन्द्र स्थापना भएपछि विचौलियाको समस्या कम हुने उहाँले बताउनुभयो ।

अहिले जिल्लामा प्राङ्गारिक खेती गर्ने किसानको सङ्ख्या ३३ जना रहेको छ । उहाँले भन्नुभयो, "चालीस बिघा जग्गामा प्राङ्गारिक खेती हुँदै आएको छ ।" यस बिक्री कक्षमा प्राङ्गारिक कृषकले उत्पादन गरेको कृषिजन्यउपज दाल, चामल, फलफूल, तरकारी, दुग्धजन्य पदार्थ, जडीबुटी तथा पोसीलो खाद्यउपज बिक्री वितरण गरिने व्यवस्थापक राजकुमार तामाङ्ले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ सिजन अनुसारका तरकारी, फलफूल तथा अन्य सामग्री बिक्री वितरण हुनेछन् । उहाँले भन्नुभयो, "यस बिक्री केन्द्रले आम किसान र उपभोक्तालई प्रत्यक्ष फाइदा हुनेछ ।" कहिले किसानले बजार नपाउने र कहिले उपभोक्ताले प्राङ्गारिक वस्तु नपाउने समस्यालाई केन्द्रले समाधान गर्ने विश्वास लिइएको छ । ***(रासस)***

# एसईई पूरक परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण

भक्तपुर, २३ असार । राष्ट्रिय परीक्षा बोर्ड माध्यमिक शिक्षा परीक्षा ( एसईई) २०८२ को पूरकअर्थात् ग्रेडवृद्धि परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । बोर्डले आज पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको जानकारी दिँदै परीक्षामा ८३ हजार ५२३ जनाअर्थात् ६४.६८ प्रतिशत छात्रछात्रा उत्तीर्ण भएका परीक्षा नियन्त्रक टुकराज अधिकारीले बताउनुभयो ।

यही असार १ गतेदेखि ९ गतेसम्म सञ्चालन भएको पूरक परीक्षामा सहभागी हुन एक लाख ४६ हजार ५०७ परीक्षार्थीले आवेदन दिएकामा एक लाख २९ हजार ११४ जना परीक्षार्थी मात्रै सहभागि भएको उहाँले जानकारी दिनुभयो ।

परीक्षार्थीले राष्ट्रिय परीक्षा बोर्ड र परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट, एसएमएस, युएसएसडी तथा आइभीआर सेवामार्फत नतिजा हेर्न सक्ने उहाँले जानकारी दिनुभयो । नतिजा हेर्न सिम्बोल नम्बर र जन्ममिति प्रयोग गरी ग्रेडसिट डाउनलोड गर्ने व्यवस्था पनि गरिएको छ ।

परीक्षार्थीको नतिजाप्रति चित्त नबुझेका परीक्षार्थीले असार २५ गतेदेखि ३१ गतेसम्म अनलाइनमार्फत पुनर्योग, उत्तरपुस्तिका अवलोकन तथा पुन: परीक्षणका लागि आवेदन दिन सक्ने उहाँले जानकारी दिनुभयो । ***(रासस)***



**आधुनिक प्रविधिद्वारा धान रोपाइँ**

नवलपरासी (बर्दघाट सुस्तापूर्व) को मध्यविन्दु नगरपालिका-१ मा आधुनिक मेसिनको प्रयोगबाट धान रोप्दै किसान । ठुलो फाँट र सम खेतमा मेसिनको प्रयोगबाट रोपाइँ गर्न सहज हुने भएकोले यस क्षेत्रका किसान आधुनिक मेसिनको प्रयोगबाट खेत रोप्न आकर्षित भएका छन् । *तस्बिर: विष्णुप्रसाद गौडेल/रासस*

# गण्डकीका उत्कृष्ट कृषक सम्मानित

कास्की, २३ असार । गण्डकी प्रदेश सरकारले प्रदेशका सर्वोत्कृष्ट र उत्कृष्ट पाँच जना कृषकलाई सोमबार नगदसहित सम्मान गरेको छ । कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि, आधुनिक प्रविधिको प्रयोग तथा कृषकलाई थप उत्प्रेरित गर्ने उद्देश्यले सम्मान गरेको हो ।

कार्यक्रममा कृषिमन्त्री भीमबहादुर कार्की, प्रदेश सामाजिक विकास तथा कृषि समितिका सदस्य भक्तबहादुर कुँवर र मन्त्रालयका सचिव डा. प्रेरणा सेढाईं भट्टराईले सम्मानपत्र, नगद पुरस्कार र दोसल्ला प्रदान गर्नुभयो । कृषि क्षेत्रलाई सम्मानित पेसाका रूपमा स्थापित गर्दै सफल कृषकका अनुभवलाई अन्य कृषकसम्म पुऱ्याउने र युवालाई कृषि व्यवसायतर्फ आकर्षित गर्ने उद्देश्यले हरेक वर्ष यस्तो सम्मान कार्यक्रम सञ्चालन गरिँदै आएको मन्त्रालयले जनाएको छ ।

यस वर्षको प्रदेश सर्वोत्कृष्ट कृषि पुरस्कार बागलुङको गलकोट नगरपालिका-१ को सहारा कृषि फार्मका सञ्चालक गमबहादुर कुँवर पुरस्कृत हुनुभयो । उहाँले नगद रु. ५० हजार तथा सम्मानपत्र प्राप्त गर्नुभयो । यसैगरी प्रदेश उत्कृष्ट कृषि पुरस्कारबाट नवलपरासीको मौलाकालिका कृषि फार्मका सञ्चालक निर्मल भट्टराई, पोखरा-१४ को रोशन एण्ड रोहित कृषि फार्मका सञ्चालक रमेश खनाल र तनहुँ व्यास नगरपालिका-१० का दाजुभाइ गाई फार्मका सञ्चालक रमेश तिमिल्सिना सम्मानित हुनुभयो ।

यसैगरी, खिलुङ कालिका अर्गानिक कृषि फार्म भिरकोट नगरपालिका-७ स्याङ्जाका शालिग्राम अर्याल र नीलगिरि पशुपन्छी तथा कृषि व्यवसाय मुस्ताङका सञ्चालक भूपेन्द्र शेरचन सम्मानित हुनुभयो । प्रदेश उत्कृष्ट कृषि पुरस्कार राशि जनही नगद रु. ३२ हजार र सम्मानपत्र रहेको मन्त्रालयका सूचना अधिकारीसमेत रहनुभएका पशु चिकित्सक डा. राजेशकुमार चौधरीले जानकारी दिनुभयो ।

कृषिमन्त्री कार्कीले कृषि क्षेत्रलाई प्रदेशको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । "कृषि उत्पादनलाई बजारसँग जोड्दै व्यावसायिक, प्रतिस्पर्धी र आत्मनिर्भर कृषि प्रणाली विकास गर्न प्रदेश सरकारले कृषकलाई प्रोत्साहन गर्दै आएको छ । उत्कृष्ट काम गर्ने कृषकलाई सम्मान गर्दा किसानको हौसला बढ्नुका साथै अन्यलाई पनि आधुनिक र व्यावसायिक खेतीतर्फ आकर्षित हुन सहयोग पुग्छ", उहाँले भन्नुभयो ।

मन्त्रालयका सचिव डा. प्रेरणा सेढाईं भट्टराईले कृषिमा नवप्रवर्तन, यान्त्रिकीकरण, आधुनिक प्रविधिको प्रयोग र उत्पादन वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने कृषक तथा कृषि फार्मलाई प्रोत्साहन गर्न पुरस्कार वितरण गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सम्मानले कृषि क्षेत्रमा सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नुका साथै उत्पादन वृद्धि, रोजगारी सिर्जना र ग्रामीण अर्थतन्त्र सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।"

प्रदेशमा कृषि उद्यमशीलता विस्तार, आयात प्रतिस्थापन, खाद्य सुरक्षा र युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइने मन्त्रालयले जनाएको छ । ***(रासस)***

# जुम्लामा सिँचाइका लागि कुलो निर्माण भएपछि किसानलाई सहज

जुम्ला, २३ असार । कृषि विकास कार्यालय जुम्लाले सिँचाइका लागि पक्की कुलो निर्माण गरेपछि यहाँका किसानलाई सहज भएको छ । कार्यालयले तिला गाउँपालिका-४ मा रु. १४ लाख २८ हजार अनुदान रकम र तीन लाख ७२ हजार अनुदानग्राहीको सहभागितामा उपभोक्ता समितिबाट पक्की सिँचाइ कुलो निर्माण गरिएको हो ।

पक्की कुलो र ट्याङ्की निर्माण भएपछि यहाँका एक सयभन्दा बढी किसान लाभान्वित भएका कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले बताउनुभयो । उहाँका अनुसार तातोपानी गाउँपालिका-१ मा रु. १४ लाख ४० हजार अनुदानमा पक्की कुलो निर्माण सम्पन्न भएको छ । खेतमा कृषि सिँचाइ पक्की कुलो निर्माण भएपछि उक्त वडाका करिब ४२५ जना लाभग्राहीलाई सहज भएको उहाँले जानकारी दिनुभयो ।

यसैगरी, कार्यालयले स्याउ ओखर विकास कार्यक्रमअन्तर्गत तातोपानी-५ स्थित ऐरेनीमा रहेको घराला तरकारी उत्पादन उद्योगलाई स्याउका बिरुवा खरिद, खाडल खन्ने, पानी तान्ने मोटर र बगैँचा घेराबारमा रु. पाँच लाख ५२ हजार अनुदान प्रदान गरेको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो ।

पातारासी-६ मा कार्यालयले तरकारी सिँचाइ प्रवर्द्धन कार्यक्रम, नर्सरी स्थापना तथा व्यवस्थापन र नौमुडे बहुद्देश्यीय कृषि फार्मलाई पनि अनुदान वितरण गरिएको कृषि विकास कार्यालयले जनाएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख गैरीनन्द आचार्यले कार्यालयबाट प्राप्त गरेका अनुदानका ठुला योजनाको दीर्घकालीन रूपमा कार्यान्वय गर्नका लागि थप जिम्मेवारी भएर कार्यालयले गुणस्तरीय काम गर्ने आवश्यक रहेको बताउनुभयो ।

पक्की कुलो निर्माण भएपछि मार्सीधान लगाएको खेतबारीमा सिँचाइ गर्ने सहज भएको तातोपानी गाउँपालिका-१ का स्थानीय कलबहादुर कठायतले जानकारी दिनुभयो । चालु आवभित्र सम्पन्न भएका कृषि विकास कार्यालयका तिला, तातोपानी र पातारासी गाउँपालिकामा निर्माण सम्पन्न भएका विभिन्न योजना कार्यक्रमको सरोकारवालबाट संयुक्त रूपमा सोमबार अनुगमन गरिएको कृषि विकास कार्यालय जुम्लाले जनाएको । ***(रासस)***

# अमेरिकालाई पराजित गर्दै बेल्जियम विश्व कपको क्वार्टरफाइनलमा प्रवेश

काठमाडौँ, २३ असार । फिफा विश्वकपको राउन्ड अफ १६ अन्तर्गतको खेलमा अमेरिकालाई हराउँदै बेल्जियम विश्वकपको क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

अमेरिकाको सिएटल स्टेडियममा सम्पन्न खेलमा बेल्जियमले उत्कृष्ट पुनरागमन गर्दै अमेरिकालाई ४-१ गोलअन्तरले पराजित गर्दै विश्वकपको क्वार्टरफाइनलमा प्रवेश गरेको हो । यस हारसँगै अमेरिकाको विश्वकप यात्रा अन्तिम-१६ मै टुङ्गिएको छ । बेल्जियमको जितमा चार्ल्स डे केटलेरले दुई गोल गरे भने हान्स भानकेन र रोमेलु लुकाकुले समान एकएक गोल गरे ।

खेल सुरुआती नवौँ मिनेटमा चार्ल्स डे केटलेरले गोल गर्दै बेल्जियमलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ३१औँ मिनेटमा अमेरिकाको मलिक टिलम्यानले फ्रिकिकमार्फत गोल गर्दै खेललाई एक-एक बराबरीमा ल्याए । त्यसको दुई मिनेटमै बेल्जियमले दोस्रो अग्रता बनायो । खेलको ३३ औँ मिनेटमा केटलेरले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीको अग्रता दोब्बर बनाए । खेलको ५७ औँ मिनेटमा भानकेनले गोल गर्दै बेल्जियमको अग्रता तेब्बर बनाए ।

त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा लुकाकुले गोल गरेपछि बेल्जियमले अमेरिकामाथि ४-१ को जित निकाल्यो । ***(रासस)***

। सम्पादकीय ।

# राजनैतिक कार्यकर्ता, पत्रकार र कर्मचारीबारे

एक आदर्श समाज निर्माण गर्ने उद्देश्य बोकेर स्थापना भएका राजनैतिक दलका कार्यकर्ता कम उमेरदेखि नै नि:स्वार्थ रूपले देश र जनताको सेवा गर्ने भावनाबाट प्रेरित भएका हुन्छन्। निर्वाचनको बेलामा मात्रै सहयोग गर्न राजनीतिमा लागेका कार्यकर्ताहरूमा ठुलो अन्तर हुन्छ - भावना, विचार र समर्पणको विषयमा !

निर्वाचनको बेलामा एउटा कुनै राजनैतिक दलबाट प्रभावित युवालाई आफ्नो दलको निर्वाचन चिह्न, घोषणापत्र र आफ्ना प्रतिद्वन्द्वीहरूको व्यक्तित्व र राजनैतिक दलहरूको राजनैतिक परिचय दिने गर्छ - एक स्वच्छ राजनैतिक दलले पनि !

तर, राजनीतिलाई फोहर पार्ने उद्देश्यले स्थापना भएका राजनैतिक दलले नयाँ युवालाई चियाबाट सुरु गरी निर्वाचन टुङ्गिनेसम्ममा जाँड-रक्सी र लागूपदार्थ सेवन गर्नेसम्म पुर्‍याउने गरेको व्यवहारमा देखिएको छ।

नयाँ युवाहरू स्वाभाविक रूपले जिज्ञासा राख्छन् - दाइ, हजुरले निर्वाचनमा विजय पाएपछि हामीले के पाउनेछौँ ? "हेर भाइ, मैले र हाम्रो दलले बहुमत ल्याउने सम्भावना छ, चित्ताएजस्तो भयो भने नयाँ भाइहरूलाई ठाउँ-ठाउँमा नोकरीमा लगाइदिनेछौँ। केही नभए २-४ जना निर्माण व्यवसायी, ठेकेदारसँग परिचय गराइदिनेछौँ र त्यसबाट बरोबर नाफाको केही भाग पाउँदै जानेछौँ।"

मन्त्री स्तरको नेताले आश्वासन दिँदै भने, "भाइ, तिमीहरूलाई विदेशमा छात्रवृत्तिमा पठाइदिनेछौँ, त्यसमा योग्यताले पुगेन भने भन्सार, एयरपोर्ट र अरु त्यस्तै कमाउने ठाउँमा पठाइदिनेछौँ।"

तर, समाजमा आमूल परिवर्तन ल्याउने आदर्श बोकेका नेताहरूले आफ्ना कार्यकर्ताहरूलाई "भाइहरूले एक न एक विषयमा विशेषता हासिल गर्नेछन्; हरेक ठाउँ र विषयमा योग्य प्रतिस्पर्धीको रूपमा उपस्थित हुन आवश्यक छ। पढ्ने ठाउँ र विषय आ-आफ्ना परिवार, आ-आफ्नो परिवेश माध्यमिक विद्यालयमा आफूले प्राप्त गरेका विषय र अङ्कले ठुलो काम गर्नेछ। मेहनत नगर्ने खेलाडी पछाडि परेजस्तै अध्ययन नगर्ने, जिम्मेवारीपूर्वक काम नगर्ने कार्यकर्ताको प्रदर्शन राम्रो नभएका धेरै उदाहरण छन्। त्यसकारण, राम्रो उद्देश्यअनुसार मनैदेखि इमानदारीपूर्वक काम गर्ने कार्यकर्ता समयमा अबल भएर देश र जनताको हितमा प्रस्तुत भएको हामीले देख्नेछौँ।"

तर, निर्वाचन जित्न वा अन्य काममा खटाउँदा २-४ मानिस ढालेर आए पनि तिमीहरूलाई २४ घण्टाभित्र छुटकारा गराउने वचन र आदर्शबाट सञ्चालित कार्यकर्ताहरू अन्ततः गुण्डा, अपराधी, जनविरोधी र देशद्रोहीको रूपमा हामीले प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा देख्नेछौँ।

धेरै अनुभवले बताउँछ कि - गलत ढङ्गले तालिम दिएका कार्यकर्ताबाट त्यस्तै दोषपूर्ण परिणाम आउँछ भने राम्रो र सकारात्मक रूपबाट तयार पारेका कार्यकर्ता सकारात्मक र असल नागरिक देशले पाउनेछ। आ-आफ्ना राजनैतिक उद्देश्य प्रचार गर्न पत्रकारिताका फरक-फरक शिक्षालय छन्। केहीले कमाउने उद्देश्यले दैनिक वा साप्ताहिक चलाएका हुन्छन्, भित्री पृष्ठमा सरकारी र निजी कम्पनीहरूको विज्ञापन नै ७०-८० प्रतिशतले ढाकेको हुन्छ। स-साना गरिब देश र आफ्नै खुट्टामा उभिन चाहेका देश र राष्ट्रहरूलाई आक्रमण, आपसी लडाइँ र विध्वंश गर्ने साम्राज्यवादी र विस्तारवादीहरूको पक्षमा लाग्नेहरू र तिनीहरूकै पुँजीको सानो टुक्रोलाई भगवान्‌को 'प्रसाद' थाप्नेहरूको पत्रकारिता पहेँलो पत्रकारिता वा झूटा र अरुको रोटीको पछाडि दगुर्ने पत्रकारिता भन्ने चलन छ। शरीर बेच्नुभन्दा गलत कामको लागि आफ्नो बौद्धिक क्षमता बेच्नु भनेको साह्रै घृणित काम हुनेछ - जल्लादको जस्तो !

साधारण कर्मचारी आफ्नो परिवार पाल्न र इमानदारीपूर्वक दिइएको काममा तल्लीन हुन्छन् र अनुगृहित हुन्छ। तर, आज सिंहदरबारदेखि गाउँका एक कार्यालय (विद्यालय) का पिउन वा कर्मचारीहरूसमेत घुस वा कम मूल्यमा नक्कली सामान खरिद गरी महँगो सामानको मूल्यबाट २-४ रूपैयाँदेखि पदअनुसार लाखौँ लाखसम्म रकम पुर्‍याउँछन्। यो दु:खद र आश्चर्यजनक विषय हो। खाता-पिता परिवारका माथिल्लो दर्जासम्मको अध्ययन र धेरै धेरै देशमा डुलेकाहरूसमेत हरेक क्षेत्रमा माथिल्लै परिवारको सूची सबभन्दा लामो होला। यसकारण, सारा जनतालाई गरिबीमा छटपटाएर कर्मचारीहरूको तलबको निम्ति विदेशीसँग ऋण लिनु विदेशी पुँजीकै दलाली हो।

# 'कम्युनिस्ट' एकता किन र केका लागि ?

✍ **विवेक**

नेपालको राजनीतिमा फेरि एकपटक 'कम्युनिस्ट पार्टीहरूबिचको एकताको विषयले चर्चा पाएको छ। विशेषगरी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा एमाले र नेकपाका उम्मेदवारहरू नराम्ररी पराजित भएपछि राजनीतिक वृत्तमा कम्युनिस्ट एकताको प्रसङ्ग उठेको हो। नेताहरू सत्ता र शक्तिमा हुँदा एकले अर्कोलाई होच्याउने, घृणा गर्ने र सके अर्काको अस्तित्व नै समाप्त पार्ने सोचले काम गर्थे। पार्टीको विचार र सिद्धान्तबारे एक शब्द बोल्दैनन्। उनीहरू घमण्ड र अहङ्कारले बेलुनझैँ फुलेका हुन्थे। एक पटक होइन नेपाली जनताले एमाले, माओवादी र एकीकृत समाजवादी पार्टीका नेताहरूमा यस्ता दृश्यहरू पटकपटक देखिसकेका छन्।

असार १४ गते काठमाडौँमा भएको एउटा कार्यक्रममा एमालेका अध्यक्ष केपी ओली, नेकपाका अध्यक्ष प्रचण्ड, नेताहरू माधव नेपाल र झलनाथ खनाल एउटै मञ्चमा देखिएपछि कम्युनिस्ट एकताको कुरा पुन: चर्चा भएको हो। प्रचण्डले एमालेसँग कार्यगत एकतामात्र होइन, पार्टी एकतासम्मको लागि अगाडि बढेको बताए भने केपी ओलीले पार्टी एकता सम्भव नभएको जवाफ फर्काएका थिए।

राजनीतिमा विचार मिलेकाहरूबिच पार्टी एकता र विचार नमिलेपछि फूट हुनुलाई स्वाभाविक रूपमा लिइन्छ। तर, नेपालको राजनीतिमा विचार र सिद्धान्तले कहिल्यै प्राथमिकता पाएनन्। हरेक पटकको पार्टी एकता र विभाजन विचार र सिद्धान्तको आधारमा नभई पद, पैसा र मन्त्री र प्रधानमन्त्री बन्ने विषयमा हुने गरेको पाइन्छ। पुँजीवादी पार्टीहरूमा पद र पैसाको आधारमा एकता र विभाजन भइरहने प्रक्रिया भए पनि आफूलाई कम्युनिस्ट पार्टी दाबी गर्ने एमाले र माओवादी पार्टीहरूमा पनि त्यस्तो अवस्था देखिनुमा भने आश्चर्यको विषय बनेको छ। पार्टी एकताको नाउँमा पद हसुर्न पाएसम्म चुप लाग्ने, पार्टी विभाजनपछि एकले अर्काको निम्न स्तरमा गाली गलौज गर्न पछि नपर्ने कम्युनिस्ट नाउँधारी एमाले र माओवादीहरूको चरित्र हो। एक पटक केपी ओलीले मञ्चमा बोल्दै माधव नेपालको नाउँ के लिएका थिए उनले 'अब मुख कुल्ला गर्नुपर्ने भयो' भनेका थिए।

**पार्टीहरूबिच एकता किन र केका लागि ?**

कम्युनिस्ट एकता हुनको लागि कम्युनिस्ट पार्टीहरूबिचको एकता हुनुपर्छ। के एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) कम्युनिस्ट पार्टीहरू हुन् ? यसबारे नेपालका पत्रकार र लेखकहरू प्रस्ट हुनैपर्छ। कम्युनिस्ट पार्टीको मुख्य उद्देश्य वैज्ञानिक समाजवाद स्थापना गर्ने हो। समाजवादको अर्थ कामदारवर्गको नेतृत्वमा सरकार गठन, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरूको राष्ट्रियकरण वा सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताहरू नि:शुल्क, रोजगारीको सुनिश्चितता, व्यक्तित्व विकासमा समान अवसर, आर्थिक समानता हुने समाज निर्माण गर्नु हो। के एमाले र नेकपाको उद्देश्य समाजवादी व्यवस्था स्थापना गर्ने रहेको छ ? पार्टी दस्तावेजहरूमा भए पनि ती पार्टीका नेता कार्यकर्ताहरूले समेत विश्वास गर्दैनन्। जब नेता र कार्यकर्ताहरूको पार्टीप्रति विश्वास घट्छ तब पार्टी कमजोर हुन्छ। नेताहरूको स्वार्थ प्रेरित कामले ती पार्टीका नेता र कार्यकताहरू असन्तुष्ट छन्। उनीहरू विचार र सिद्धान्त रक्षाका लागि होइन पार्टीबाट केही फाइदा लिनका लागि झण्डा बोकिरहेका छन्।

अबको दिनमा एमाले र नेकपा नेतृत्वबाट समाजवादी आन्दोलन अगाडि बढ्छ भनेर सोच्नु आकाशको फलझैँ असम्भव छ। ती पार्टीहरूले कम्युनिस्ट सिद्धान्त र विचारलाई त्यागेर पुँजीवादी बाटोमा हिँडेको दशकौँ भइसकेको छ। अहिले पनि ती पार्टीहरूलाई कम्युनिस्ट पार्टी भनेर प्रचार प्रसार गर्नु जनताबिच भ्रम फैलाउनु हो। नेपाली पत्रकार र लेखकहरू अझै त्यस भ्रमबाट मुक्त भइसकेका छैनन्।

कम्युनिस्ट पार्टी भनेको कामदारवर्गको पार्टी हो। उनीहरू सरकारमा पुगेपछि कामदारवर्गका हितमा कामहरू गर्छन्। नेपालमा एमाले र माओवादी नेतृत्वमा धेरै पटक सरकारहरू गठन भए तर जनताले आफ्नो सरकारको अनुभूति गर्न पाएनन्। जब सरकारको नेतृत्वमा पुग्छ तब उनीहरूको घमण्ड र अहङ्कारले खुट्टाले भुइँ छुँदैन। त्यति मात्र होइन, अन्य सच्चा कम्युनिस्ट पार्टीहरूको अस्तित्व स्वीकार्न पनि उनीहरू तयार हुँदैनन्; एक पटक निर्वाचन जित्नु नै सबठोक होइन भने बिर्सन्छन् र कामदारवर्गलाई नै हेलाहोचो र घृणा गर्ने गर्छन्। वर्ग दुश्मनसित मिलेरै भए पनि सरकारमा टिकिरहने दुस्प्रयास गर्छन्। एमाले र माओवादीले अहिलेसम्म देखाउँदै आएको व्यवहार यही हो। मान्छेलाई उसको बोलीले होइन, व्यवहारले चिन्नुपर्छ भनेझैँ एमाले र नेकपा सैद्धान्तिक रूपमा मात्र होइन, व्यावहारिक रूपमा पनि कम्युनिस्ट भन्न लायक पार्टीहरू होइनन्।

माओवादीहरूले चलाएको १० वर्षे सशस्त्र सङ्घर्षको दौरानमा १७ हजारको ज्यान गएको, हजारौँ अपाङ्ग भएको र सयौँ बेपत्ता भएको तथा खरबौँको भौतिक सम्पत्ति क्षति भएको विवरण सार्वजनिक भएको थियो। माओवादी शान्ति प्रक्रियामा आएपछि २०६४ सालमा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ १२० र समानुपातिकतर्फ १०० सीटभन्दा बढी जितेर देशकै ठुलो पार्टी बन्न सफल भयो। जनताले माओवादीलाई परिवर्तनको आशामा भोट दिएका थिए। उनीहरू सरकारमा गएर आफ्नो सिद्धान्तअनुसार काम गरेनन्। मित्र पार्टीहरूलाई चिन्न सकेनन्, आलोचनालाई विरोध सम्झे र पुजीवादको अबिरल यात्रामा लगामबिनाको घोडाझैँ अगाडि बढे। आजको अवस्था त्यसैको परिणाम हो।

२०७४ को निर्वाचनमा एमाले र माओवादीबिच कार्यगत एकता गरेर चुनाव लडेको कारण झण्डै दुईतिहाइ १७४ सीट जिते। पार्टी एकताले जनताको विश्वास जितेर शक्तिशाली सरकार बन्यो। त्यसबिच गुटगत राजनीति मौलाउन थाल्यो। त्यही बेला सर्वोच्च अदालतले एकता हुन नसक्ने फैसला गरेपछि फेरि ती पार्टीहरू पुरानै अस्तित्वमा फर्के। एमालेबाट माधव नेपालको नेतृत्वमा एकीकृत समाजवादीको जन्म भयो र पछि माओवादीसँग एकता गरेर नेकपा बन्यो।

२०७४ सालमा एमाले माओवादी एक हुँदा खसेको सदर मतमा ४७ प्रतिशत मतसहित १७४ सीटसहित नेकपा ठुलो दलको रूपमा स्थापित भयो। २०८२ सालसम्म आइपुग्दा एमाले २५ र नेकपा १७ गरी ४२ सिट र मत २१ प्रतिशत मात्रै देखिन्छ भने २०७९ सालमा ४२ प्रतिशत मत ती पार्टीहरूमा परेको देखिन्छ। चुनाव आउँछ जान्छ तर पार्टीहरूले आफ्नो सैद्धान्तिक अडान छोड्नु हुन्न। पटक पटकको निर्वाचनले जनता कसैका पनि होइनन्। उनीहरूलाई चित्त बुझेन भने जस्तोसुकै मै हुँ भने पार्टीलाई पनि धुलो चटाउन सक्छन् भने साबित गरि दिएका छन्। प्रजातन्त्रको एउटा राम्रो पक्ष यही हो।

पार्टी भनेको विचार र सिद्धान्तको आधारमा सङ्गठित मानिसहरूको जमात हुने गर्छ। जब विचार र सिद्धान्त त्याग्छ तब त्यो मानिसका भिडमा सीमित हुनपुग्छ। अहिले एमाले र नेकपा विचारबिनाको लासहरूको पार्टीमा परिणत भएको छ। त्यो चुनावको हारजितले मूल्याङ्कन होइन, उनीहरूको व्यवहारको मूल्याङ्कनको आधारमा भन्न सकिन्छ।

कम्युनिस्टहरूको उद्देश्य चुनावमा जित्नमात्र होइन, चुनावलाई उपयोग गर्ने हो। पुँजीवादी विकृतिहरूबारे जनतालाई सचेत र सङ्गठित पार्ने, शत्रुलाई सजिलै जित्न नदिने, समाजवाद र पुँजीवादको भिन्नताबारे जनतालाई बुझाउने काम कम्युनिस्टहरूले चुनावको बेला गर्छन्। एमाले र नेकपा नेतृत्वले चुनावलाई नै अन्तिम गन्तव्य मानेर काम गर्दै छन्। चुनाव जित्नका लागि उनीहरू जे गर्न पनि तयार हुने गरेका छन्। २०७९ सालको संसदीय निर्वाचनमा माओवादी र नेका मिलेर चुनाव लड्यो। पछि सरकारको नेतृत्वबारे नमिलेपछि एमालेसँग मिलेर सरकार गठन गर्यो। सभामुखबारे मतभेदपछि माओवादी फेरि नेकासँगै मिलेर सरकारको पुनर्गठन गर्यो। जनताले दिएको मतको कदर भएन। यसले जनतामा शासक दलहरूप्रति घृणा उत्पन्न गरायो।

जनताले नयाँ सरकारबाट नयाँ नयाँ आशा गरेका हुन्थे। महँगी नियन्त्रण, शिक्षा र स्वास्थ्य उपचारमा सहज बन्दोबस्त, भ्रष्टाचार नियन्त्रण, रोजगारीको बन्दोबस्त अपेक्षा गरेका हुन्छन्। तर ती काम सरकारमा जाने ठुला दलहरूबाट कहिल्यै केही भएन। हरेक समय सरकारमा जानकै लागि कुकुर झगडा गरिरहने, मन्त्रीको लागि पार्टी त्याग्ने, पार्टी फुट्ने र जुट्ने जस्ता अराजक गतिविधिहरू भइरहे। जनता विकल्पको खोजीमा थिए। दलहरू सिद्धान्त र विचारले पुरै खोक्रो भइसकेका थिए। तर, जस्तोसुकै खोक्रो रुख पनि हावा हुरी नआई ढल्दैन भनेझैँ ढल्न सकेका थिएनन्। भदौ २३ र २४ गतेको ती दुई दिनको अराजक गतिविधिसँगै मै हुँ भन्ने प्रधानमन्त्री, नेता, मन्त्री हेलिकप्टरमा भाग्नुपर्यो, घरैमा कुटिए, घरहरू जलाइए। आश्चर्यको कुरा के हो भने लाखौँ कार्यकर्ता भएको दाबी गर्ने ती पार्टीका नेता कार्यकर्ताहरू आफ्ना नेताहरूको घर जलाइँदा नेताहरू घरमै कुटिँदा बचाउनसम्म पुगेनन्।

त्यो घटना अमेरिकी पैसाबाट सञ्चालित अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेसन, समता फाउन्डेसन, हामी नेपालजस्ता गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरूले विदेशीको स्वार्थ पूर्ति गर्नका लागि गरेका हुन्। यसर्थ, भदौ २३ र २४ गतेको परिस्थिति निर्माण हुनुमा दलगत स्वार्थ, भ्रष्टाचारमा लिप्त राजनीतिक नेता कार्यकर्ताहरू, सिद्धान्त बेचेर व्यक्तिगत स्वार्थपूर्ति गर्ने नेका, एमाले, माओवादीलगायतका शासक दलहरू मुख्य रूपमा जिम्मेवार छन्। पार्टी नराम्ररी चुनावमा पराजित भएपछि अहिले कम्युनिस्ट एकताको नाउँमा फेरि जनतालाई धोका दिने प्रयास मात्रै त होइन ? सच्चा कम्युनिस्टहरू विचार र सिद्धान्तको आधारमा देशमा समाजवादी क्रान्तिको बाटोमा अघि बढ्नु आजको आवश्यकता हो।

# थरको अन्तिम अक्षर ह्रस्व !

✍ **पुष्पराम मुनंकर्मी**

सबै भाषाको आफ्नै मौलिक व्याकरण हुन्छन्। अत: सो भाषाको बोलीचालीमात्र होइन लेखन पनि उक्त व्याकरणको नियमभित्र लेख्ने गरिन्छ, लेख्नुपर्छ पनि। त्यस्तै, एउटा भाषाको व्याकरण अर्को भाषामा लाड्न मिल्दैन, सकिँदैन पनि। नेपाली भाषामा थरको अन्तिम अक्षर दीर्घ लेख्ने नियम छ। त्यसैले, अन्य जनजाति तथा भाषाभाषीका थरहरू नेपाली भाषामा लेख्ने बेलामा नेपाली भाषाको नियमअनुसार दीर्घ लेख्छन्, जुन निमयविपरीत देखिन्छ। यसलाई भाषिक अतिक्रमण भन्नुपर्छ।

नेवार सम्प्रदायको कति थरको अन्तिम अक्षरमा जु आएका छन्, त्यसलाई नेपाली भाषामा जू लेख्ने गरिन्छ, जुन गलत अभ्यास नै हो। अतिक्रमित संस्कार हो। नेपालभाषामा जु को अर्थ आदरार्थी हुन्छ र ह्रस्व नै हुन्छ। जस्तै कोजु, फाँजु, ब्याँजु, ध्वँजु, खिचाजु, माकजु, लाखाजु, बाताजु, फैजु, ब्वजु, बहजु, ब्वयँजु, साँय्जु, भजु, धन्जु, ख्वाउँजु आदि।

त्यस्तै, स्थान विशेष लगाई कसैलाई बोलाउने बेला पनि सन्मानपूर्वक जु प्रयोग गरिन्छ जस्तै थनेजु, कोनेजु।

त्यस्तै, व्यक्तिगत सम्बन्धमा प्रयोग गरिने आदरार्थी शब्द जु पनि ह्रस्व नै लेखिन्छ जस्तै, दाजु, तजु (तताजु), भाजु, मय्जु, पाजु, मलेजु, माजु (सासू), बजु (ससुरो), कुमारी माजु आदि।

त्यस्तै, पेसागत कार्यले आउने पदावली शब्दमा पनि जु ह्रस्व लेखिन्छ। जस्तै: बजु, आचाजु, जुशिजु, माहाजु (मन्त्री), त्वजुं आदि।

त्यस्तै, नाम सम्बोधन गर्दा गोप्य देउतालाई आदर गरी तलेजु (तुलेच्वंम्हा द्यः यानि तुलजा भवानी) सम्बोधन गर्दा पनि ह्रस्व जु लेख्ने गरिन्छ।

त्यस्तै, कुनै स्थानको मानिसलाई जनाउने बेलामा प्रयोग गरिने मि अर्थात् त्यहाँको जनतालाई सम्बोधन गर्दा प्रयोग गरिने मि पनि ह्रस्व लेखिन्छ। जस्तै:- यमि, यलमि, जनतमि, सक्वमि, भोमि, नालामि, धौख्यमि, ग्वलँमि आदि।

त्यस्तै, मानिसको अवस्थालाई सम्बोधन गरिने शब्दमा पनि ह्रस्व मि प्रयोग गरिन्छ जस्तै तमि, चिमि, न्ह्यामि आदि।

त्यस्तै दुई घरको सम्बन्ध जोड्न यानि बिहेवारीको लागि माध्यम व्यक्तिलाई पनि लामि (लाँय् च्वंम्हा मनू) मा पनि ह्रस्व मि लेखिन्छ।

पेसालाई अहिले थरको रूपमा लेख्ने गरिन्छ। यसरी थरको पछाडि आउने मि पनि ह्रस्व लेखिन्छ तर यसमा विसर्गसहित लेखिएमा नक:मि (न्याक:मि), डक:मि, सिँक:मि, ल्वहँक:मि, मूनंक:मि, माधिक:मि, स:मि (साय्मि) आदि हुन्छ। प्रसिद्ध व्याकरणविद् रमापति राज शर्माका अनुसार विसर्ग हटाएमा अर्थात् कर्म (कार्य) अनुसार लेखिएमा मी दीर्घ हुन्छ। जस्तै: सिकर्मी, डकर्मी ..... आदि।

नेपालभाषाका प्रसिद्ध कवि चित्तधर हृदयले कुनै शब्दमा अक्षर लोप भएको स्थानमा विसर्ग लेख्ने नियम बसालेका थिए। जस्तै: अत: मा पनि विसर्ग छ तर उच्चारणमा अतह हुन्छ तर ह लुप्त भएकोले अत:मा विसर्ग लगाइन्छ। त्यस्तै, पहिला पानीलाई नाख (लख) भन्ने चलन थियो। हाल ना: (ल:) मात्र भन्ने गरिन्छ। यस्ता शब्दहरूको पछाडि विसर्ग लेखेर लुप्त अक्षरको सङ्केत गर्छ।

अन्तमा, स्थानको नाम पनि मौलिक नामलाई नै पुन: स्थापना गरौँ; अरु भाषाको प्रभावबाट नलेखौँ। जस्तै: गोमारीलाई गोल्मढी लेखिएका छन्, रैथाने नाम त गोमारी नै हो, त्यसै तमारी, सूर्यमारी, ग:हिती आदि नै लेख्ने चलन बसालौँ।

त्यस्तै, कुनै पनि नामलाई अनुवाद नगरौँ। कुनै पनि नाम संसारको जुनसुकै भाषामा त्यही हुन्छ। त्यहाँको भाषामा अनुवाद गरेर प्रयोग गरिँदैन। नामलाई परिमार्जन पनि नगरौँ। त्रिपुर सुन्दरी हो, त्रिपुरासुन्दरी होइन, खिउँछैँ हो खिछैँ होइन, च्वय्छैँ हो च्वछैँ होइन। अस्तु !

# थोमस मोर–बेलायतका सोक्रेटस

✍ प्रधान



थोमस मोर बेलायतका एक चिन्तक, विद्वान्, तत्कालीन समाज व्यवस्थाका आलोचक र काल्पनिक समाजवादका सुरुका एक विचारक हुन् । ६ फेब्रुअरी १४७८ मा बेलायतको राजधानी लन्डनमा उनको जन्म भएको थियो । उनका बुबा जोन मोर अदालतका मुख्य न्यायाधीश थिए ।

थोमस मोर निकोलास हल्टको रेखदेखमा सेन्ट एन्थोनी विद्यालयमा भर्ना भए । तेन्ह वर्षको उमेरमा उनले सो विद्यालयबाट क्यान्टवरीका एक पादरी मोर्टनको घरमा शिक्षा हासिल गरे । त्यसबेलाको चलनअनुसार खान्दानी वा कुलीन घरानाका युवाहरू केही दिनको लागि आचरण, शिष्टाचार वा सदाचारका नियमहरू कुनै एक सुसंस्कृत परिवारमा गएर सिक्ने परम्परा थियो । मोर्टनको शिक्षाबाटै थोमस मोरमा शिष्टता र सुसंस्कृत व्यवहारको छाप पऱ्यो ।

थोमस मोर १४ वर्षको उमेरमा अक्सफोर्डमा अध्ययनको लागि भर्ना भए । त्यहाँ शिक्षक थोमस लिनाकेले मोरलाई ग्रीसेली भाषा र साहित्यमा चाख जगाउन सहयोग गरे । अक्सफोर्डबाट उनले दुई वर्षमै ज्ञानलाई धेरै अगाडि बढाए । उनी ल्याटिन भाषामा सिपालु भए भने ग्रीसेली भाषाको पनि राम्रो जानकारी पाए ।

उनको बुबा उनलाई कानुन अध्ययन गराउन चाहन्थे । त्यसकारण, उनलाई कानुनका विद्यालयहरू न्यु इन र पछि लिङ्कन इनमा भर्ना गराए । ती दुवै विद्यालय निजामती ऐन-कानुनका अध्ययन केन्द्र थिए । थोमस मोर सान्है अनुशासित र मितव्ययी विद्यार्थी थिए ।

लिङ्कन विद्यालयको ३ वर्षको अध्ययनको सिलसिलामा इरासस भन्ने एक पादरीसँग सान्है प्रभावित भए । ३० वर्षका इरासस डेनमार्कका एक विद्वान् थिए भने २२ वर्षका थोमस मोर एक मेहनती, उत्साही र ज्ञानप्रति सान्है उत्सुक छात्र थिए ।

**थोमस मोर**

इरासन्सले एकपटक मोरको बारेमा भनेका थिए, “थोमस मोरभन्दा शिष्ट, सरल र रमाइला व्यक्ति प्रकृतिले जन्माएको छैन ।” तिनीहरू दुईको समान दृष्टिकोण र साहित्यिक मित्रताको सम्बन्ध सान्है घनिष्ठ थियो । थोमस मोरको मृत्युमा इरासन्सले आफ्नो अभिव्यक्ति यसरी दिए, “मोरको मृत्युसँगै मेरो पनि भयो, हाम्रो आत्मा एउटै थियो ।”

थोमस मोरका जोन कोलेट, विलियम ग्रोसिन र थोमस लिनाक्रेजस्ता पादरी मित्रहरू पनि थिए । उनी पनि पादरी बन्न चाहन्थे । तर, पछि उनी भ्रष्ट पादरीभन्दा एक शुद्ध पति बन्न चाहे ।

सन् १५०० मा थोमस मोर अदालतको सेवामा सामेल भए । एक वर्षपछि उनी ३ वर्षको निम्ति फर्निवाल विद्यालयमा उपप्राध्यापकका रूपमा नियुक्त भए । त्यसैबेला सेन्टलरेन्स जेरी चर्चका पादरी ग्रोसिनले उनलाई सेन्ट अगस्टिनको पुस्तक ‘भगवानको सहर’ (City of God) बारे प्रवचन गर्न आमन्त्रण गरे ।

मोरको अभिव्यक्ति शैली र विचारको प्रस्तुतिलाई धेरै सहभागीहरूले मन पराए वा प्रशंसा गरे । २३ वर्षका युवक मोरको कानुनको जानकारी र अध्ययनले सबै पादरीहरू प्रभावित थिए । हुन पनि उनका जीवनी लेखक स्टोलेटनको भनाइमा मोर दैनिक १९ घण्टा अध्ययन गर्थे ।

२६ वर्षीय मोर सन् १५०४ मा संसद्मा पुगे । संसद्मा उनको तर्क र प्रस्तुतिबाट सबै छक्क पर्थे । मोरको छलफलको कारण राजा हेनरी सातौँले आफ्नी जेठी राज कुमारीको विवाहको निम्ति पर्याप्त धन जुटाउन सकेनन् । लोभी राजा मोरदेखि सान्है रिसाए तथा त्यसको बदलामा उनको बुबा जोन मोरलाई कारागारमा थुनेर १०० पाउन्ड जरिवाना लिएर छोडे । त्यसबेला बेलायतमा निरङ्कुश राजतन्त्र कायम थियो ।

मोरले सन् १५०५ मा जेन कोल्ट नामक केटीसँग विवाह गरे । उनको ६ वर्षको वैवाहिक जीवनमा उनी ३ छोरी र एक छोरा गरी जम्मा ४ छोराछोरीका बुबा बने ।


सन् १५०९ अप्रिल महिनामा राजा हेनरी सातौँको मृत्यु भयो । त्यसको भोलिपल्टै हेनरी आठौँ राजा भए किनभने राजा मरे पनि राजगद्दी खाली हुने गर्दैन । राजा हेनरी सातौँ अति महत्त्वाकाङ्क्षी र अरूलाई हानि पुऱ्याउने दुष्ट खालका राजा थिए । हेनरी आठौँको उमेर १८ वर्षको मात्र थियो । ३ सेप्टेम्बर १५०१ मा थोमस मोर सहरको न्यायिक अधिकारीको रूपमा नियुक्त भए किनभने उनले नयाँ राजाको सम्मानमा एक कविता लेखेका थिए । निष्पक्ष र स्वतन्त्रतापूर्वक उनले न्यायको पक्षपोषण गरे, त्यसैले उनी एक प्रतिष्ठित व्यक्ति बने ।

सन् १५११ मा मोरकी श्रीमती जोन कोल्टको निधन भयो । त्यसपछि आफ्ना छोरा-छोरीहरूको हेरविचार गर्न उनले आफूभन्दा ७ वर्षले जेठी विधवा एलिस मिइलटेनसँग विवाह गरे । एलिस एक कर्तव्यपरायण गृहिणी थिइन् भने मोर एक समर्पित पति र माया गर्ने बुबा थिए । साथै एक अध्ययनशील, चिन्तक र एक स्वप्नद्रष्टा भएको हुँदा सन् १५१६ मा उनले ‘कल्पनालोक’ (UTOPIA) भन्ने पुस्तक ल्याटिन भाषामा प्रकाशित गरे ।

सन् १५१७ देखि थोमस मोर राजा हेनरी आठौँको सेवामा नियुक्त भए । तर, ‘कल्पनालोक’ भन्ने पुस्तकको प्रकाशनले मोर युरोपका एक प्राज्ञको रूपमा चर्चित भए । उनको विद्वता र प्रखर दृष्टिकोणको कारण उनको ख्याती बढ्दै गयो र आफ्नै जीवन कालको सानो अवधिमा त्यस पुस्तकको ४ वटा संस्करण छापियो र त्यसबेला त्यो अत्यन्त महत्त्वपूर्ण विषय थियो ।

राजा हेनरी आठौँले उनको विद्वताको प्रशंसा गरी सन् १५२१ मा उनलाई नाइट वा सम्मानजनक काजी पदवीले विभूषित गरे । त्यसको केही वर्षपछि उनलाई प्रतिनिधिसभाको सभामुख बनाइयो । त्यसबेला राजा र प्रतिनिधिसभाको बिचमा पुलको काम सभामुखबाट हुन्थ्यो । त्यसैबेला उनले फ्रान्ससँग सम्मानजनक शान्ति सम्झौता गर्न ठुलो भूमिका खेले ।

मोर सन् १५२४ मा राज परिषद्को सदस्य बने । राज परिषद्को सदस्य बन्नु त्यसबेला अत्यन्त सम्मानजनक कुरो थियो । त्यसबेला उनले कूटनैतिक क्षेत्रमा पनि सेवा गर्नुपर्थ्यो । सन् १९२५ जुलाई महिनामा उनी




लान्काष्टारका चान्सलर पदमा नियुक्त भए । सन् १५२५ अगस्ट महिनामा उनी फ्रान्ससँगको युद्धविरामको निम्ति शान्ति वार्तामा र अन्य कूटनैतिक कार्यहरूमा लागिरहे । कूटनैतिक कार्यमा उनी बाहिर बाहिर जानु परे पनि दरबारसँग उनको सम्बन्ध निरन्तर रह्यो ।

राजा हेनरी आठौँ १८ वर्षको उमेरदेखि नै आफ्नी विधवा भाउजू क्याथरीनसँग बसिरहेका थिए । पछि राजाको सम्बन्ध एने वोलीन भन्ने केटीसँग भयो, राजा उनीसँग विवाह गर्न चाहन्थे ।

क्याथरीनसँगको सम्बन्ध भएको कारण चर्चको कानुन वा परम्पराविपरीत एने वोलीनसँग विवाह गर्न मिल्दैनथ्यो । राजा एने वोलीनसँग विवाह गर्न क्याथरीनसँग पारपाचुके गर्न चाहन्थे । त्यसको निम्ति धर्माधिकारी पोपको सहमति चाहिन्थ्यो । पोपको सहमति पाउन राजाले मोरमाथि दबाब दिनथाल्यो । मोरले त्यस पारपाचुकेलाई उचित ठहऱ्याउने परिस्थिति नभएको बताए । तैपनि, मोरलाई आफ्नो प्रभावमा पार्न राजाले सन् १५२५ अक्टोबर २६ को दिन बेलायतको लर्ड चान्सलरको वा महान्यायाधिवक्ताको पदमा नियुक्त गरे ।

मोरले ३ वर्षसम्म त्यस न्यायिक पदमा बसेर नैतिक मूल्यलाई कायम राखे । भनिन्छ, साधारण परिवारको बेलायतको पहिलो महान्यायाधिवक्ता बन्ने मोर नै पहिलो व्यक्ति थिए । राजाको त्यस सम्मानले पनि मोरलाई हेनरी आठौँको एन वोलीनको विवाहको पक्षमा बनाउन सकेनन् । राजाले अन्तमा नवौँ मुख्य पादरी क्रान्मरको सहयोगले क्याथरीनसँग पारपाचुके गरी एनेसँग विवाह गरे ।

मोर राजाप्रतिको बफादारी र एक सच्चा इसाईको कर्तव्यको बिचमा वा धर्म सङ्कटमा परे । तर, मोरले आफ्नो धार्मिक आस्थालाई त्यागेनन् र १ जून १५३६ को दिन संसद् (वेस्ट मिनिस्टर) भवनमा नयाँ महारानीको विवाह समारोहमा सहभागी हुन अस्वीकार गरे । उनले आफ्नो चान्सलर पदबाट राजीनामा दिए । यसरी मोरको राजासँगको सम्बन्ध तीतो भयो । राजाले आफू बेलायती चर्चको प्रमुख हुने दाबी गरे । त्यो दाबी रोमन न्यायको परम्पराको विरोध र अपमान थियो । मोर त्यसको विपक्षमा गए तथा राजदरबारसँग उनको सम्बन्ध पूरै विच्छेद भयो ।

राजा हेनरी आठौँको त्यो दावी पूर्णरूपले निरङ्कुश र पागलपन थियो । यसकारण, मोर चर्चको नयाँ महान्यायाधिवक्ताको शपथग्रहणको समारोहमा सहभागी हुन अस्वीकार गरे । मोरले राजाको विरोधमा एक शब्द नबोले पनि राजाले उनको असहभागितालाई राजद्रोह सम्झे र राजद्रोहको मुद्दा लगाए ।

**युटोपिया (कल्पनालोक)**

कुनै प्रमाण तथा अदालती कारबाहीबिना मोर १५ महिना कारागारमा राखिए । तैपनि, त्यो अवधि उनले लेख्न-पढ्नमै बिताए र ‘असुविधाविरुद्ध सुविधाको वार्ता’ भन्ने एक लेख लेखे । त्यसमा एउटा वाक्य थियो- ‘आस्थाबाट पतन भएको व्यक्ति जस्तो फटाहा इसाई अरू कोही हुँदैन ।’ यो वाक्य फटाहा इसाई अरू कोही हुँदैन । यो वाक्य राजा हेनरी आठौँप्रति लक्षित सम्झियो ।

त्यसैको रिसमा राजाले मोरलाई पुस्तक, कापी, कलमजस्ता अध्ययन सामग्रीबाट वञ्चित गरे । मोरकी जेठी छोरी बारबरा आफ्ना प्रिय बुबालाई भेट्न जान्थिन् र गहभरि आँसु राख्दै राजालाई बेलायतको चर्च प्रमुखको रूपमा स्वीकार्न बारम्बार याचना गर्थिन् । तर, उनले आफ्नो विश्वासको विरुद्ध नजाने विषयमा अडान छोडेनन् । छोरी मार्गरिटलाई लेखेको अन्तिम पत्रमा मोरले लेखे- प्रिय छोरी बिदा, स्वर्गमा हामी खुसीसाथ भेट्न हामी दुवै ईश्वरसँग प्रार्थना गरौँ ।”

७ मई १५३५ मा वेस्टमिनिस्टर न्यायालय भवनमा थोमस मोरको विरोधमा मुद्दाको सुनुवाइ भयो । सुरुमा मोरलाई झुन्ड्याएर मार्ने सजाय दिइयो । पछि टाउको काटेर मार्ने फैसला सुनायो । तर, मृत्युदण्डले मोरको दृढतामा कुनै प्रभाव परेन ।

६ जुलाई १५३५ मा उनी वधशाला लगिए । उनी त्यहाँ शान्त र दृढ देखिन्थे । टाउको काट्ने दु:खी जल्लादलाई उनले सान्त्वना दिँदै भने, “आफ्नो भावुकतालाई पन्छाऊ, आफ्नो कर्तव्य पूरा गर्न नडराऊ ।” आफ्नो टाउको अचानोमा राख्नुभन्दा पहिले आफ्नो स्वाभाविक ठट्यौली शैलीमा भने, “पख, मेरो दान्हीलाई म एकातिर राख्छु, त्यसले कुनै राजद्रोह गरेको छैन ।”

मोर रोमन चर्चको आध्यात्मिक सम्प्रभुताप्रति समर्पित थिए र अन्तिम क्षणसम्म त्यसमा उनी अडिग रहे । क्याथोलिक युरोपले उनको गहिरो धार्मिक आस्था, उत्साह, अजेय साहस र सिद्धान्तप्रतिको निष्ठालाई ठुलो प्रशंसा गऱ्यो । सन् १९३५ मा अर्थात् ४०० वर्षपछि पोप पायस एघारौँ (Pius XI) ले मोरलाई सन्त घोषणा गरे ।

थोमर मोर एक दार्शनिक, काल्पनिक, समाजवादी, प्रखर चिन्तक र प्राज्ञ थिए । उनी एक सल्लाहकार, राजदूत, सक्षम प्रशासक र नैतिकवान न्यायाधीश थिए । आफ्नो बुद्धि र बलले भ्याएसम्म उनले आफ्नो देशको सेवा गरे । आफ्नो आस्थामा अटल रहने उनी एक तर्कशील प्राणी एवं स्पष्ट वक्ता थिए ।

नेपालीमा एउटा उखान छ - दरबारमा पस्नु गाऱ्हो छ, तर त्यहाँबाट बाहिर निस्कनु झन् गाऱ्हो छ ।

थोमस मोरले ‘कल्पनालोक’ मा राजा, राजकुमार, दरबार, सल्लाहकारहरू र माथिल्ला व्यक्तिहरूको सोच र व्यवहारबारे प्रस्ट बताएका छन् । यो बेलायतको राजदरबारको मात्रै होइन संसारका सबै निरङ्कुश राजा र राजतन्त्रहरूको गुण र दोष उस्तै हुन्छन् । त्यही दोषको कारण संसारमा जहाँतहीँ प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र र जनवादको उदय भएको हो ।

माथिल्लो वर्ग वा मुठीभर परिवारको स्वार्थ, अहम्, हठ, अपारदर्शिता र अरूको कुरामा शङ्का गर्ने प्रवृत्ति नै निरङ्कुश राजतन्त्रका खराबी हुन् । त्यसैको विरोधमा प्रजातान्त्रिक आन्दोलन अगाडि बढ्ने गर्छ ।

बेलायतका सुकरात (सोक्रेटस) थोमस मोरको ‘कल्पनालोक’ दुवै भाग ल्याटिन भाषामा छापिएको थियो । सन् १५३५ मा उनलाई मृत्युदण्डको सजाय भयो । उनको ज्यान सजायको १६ वर्षपछि ‘कल्पनालोक’ को अङ्ग्रेजी अनुवाद छापियो । अङ्ग्रेजी अनुवाद गर्ने राल्फ रोविन्सोन थिए ।

मोरको ‘कल्पनालोक’ लाई प्रेरणा दिने स्रोत इरासमसको ‘मूर्खताको प्रशंसा (Erormus Work the praise of folly) बताइन्छ ।

‘कल्पनालोक’ मा थोमस मोरले ‘स्वतन्त्र’ मानिस र दास वा अर्धदासलाई स्थान दिएका छन् । यसको अर्थ उनले दास युगबाट मुक्त समाजको कल्पना गर्न सकेका थिएनन् ।

साथै उनले नगरलाई सफा राख्न फोहरलाई खोलामा बगाउने कल्पना गरेका थिए । अर्थात्, उनले ‘उपचार पोखरी’ को कल्पना गरेका थिएनन् ।

त्यस्तै, त्यस समाजमा उनले ‘पशु वधशाला’ को पनि कल्पना गरेका थिएनन् ।

कम्पासको आविष्कारले समुद्री यात्रामा सहयोग पुगेको, त्यसबेलाका जहाज र पत्ता लगाएका देशहरू, यात्रा वर्णनहरू र त्यसबेलाका लोकका मिश्रित वर्णहरू, राजा-महाराजा, राजाका सल्लाहकारहरू तथा दरबारको चाटुकारी, चोरलाई कडा सजाय दिनुभन्दा काममामको बन्दोबस्त गर्नुपर्नेजस्ता विषयमा ‘कल्पनालोक’ अगाडि बढ्छ । सिपाही र डाकुमा फरक छैन ।



अफ्रिकी देश सुडानको उत्तरी वादी हाल्फा क्षेत्रमा एउटा परम्परागत सुन खानी भास्सिएपछि उद्धार कार्यको प्रयास हुँदै जुलाई ७, २०२६ का दिन । उक्त घटनामा परी १५ जना खानी मजदुरहरूको निधन भएको र एकजना गम्भीर घाइते भएको समाचार छ । सुडानमा असुरक्षित परम्परागत राष्ट्रिय सुनखानीहरू बरोबर भास्सिएर खानी मजदुरहरूको ज्यान गरेको छ ।

*तस्बिर : मोहम्मद ओस्मान*

# बङ्गलादेश : भूस्खलनमा आठ रोहिङ्ग्या शरणार्थीको मृत्यु

ढाका, ७ जुलाई (एपी) । बङ्गलादेशको पूर्वी कक्स बजार जिल्लास्थित रोहिङ्ग्या शरणार्थी शिविरमा अविरल मनसुनी वर्षापछि आएको भूस्खलनमा पाँच बालबालिकासहित कम्तीमा आठ शरणार्थीको मृत्यु भएको छ । अधिकारीहरूका अनुसार आइतबार रातिदेखि सोमबार बिहानसम्म भएका भूस्खलनले अस्थायी बस्ती पुरिँदा मानवीय क्षति भएको हो ।

कक्स बजारका अग्नि तथा नागरिक सुरक्षा अधिकारी डलर त्रिपुराले उद्धारकर्मीहरूले सात जनाको शव फेला पारेको र स्थानीय शरणार्थीहरूले थप एक जनाको शव निकालेको जानकारी दिनुभयो । घटनामा अन्य दुई बालबालिका घाइते भएका छन् ।

उहाँका अनुसार लगातारको वर्षा र पहाडी क्षेत्रमा आएको पानीको बहावका कारण जमिन कमजोर बनेपछि शिविरका कम्तीमा चार स्थानमा भूस्खलन भएको थियो । अधिकांश पीडित सुतिरहेका बेला माटो र भग्नावशेषले अस्थायी आवास पुरेको जनाइएको छ ।

उद्धारपछि सबै शव स्थानीय शरणार्थी नेतृत्व र प्रहरीको समन्वयमा परिवारलाई बुझाइएको छ । थप जोखिम हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै अधिकारीहरूले पहिरोको जोखिम रहेका पहाडी क्षेत्रबाट शरणार्थीलाई सुरक्षित स्थानमा सार्ने काम तीव्र पारेका छन् । हालसम्म करिब एक हजार जनालाई स्थानान्तरण गरिएको बताइएको छ ।

ढाकास्थित मौसम विभागले आगामी केही दिन पनि भारी वर्षा जारी रहने पूर्वानुमान गरेकाले थप सतर्कता अपनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्चायुक्तको कार्यालय (युएनएचसिआर) का अनुसार सन् २०२१ देखि २०२६ सम्म रोहिङ्गया शरणार्थी शिविरमा भएका यस्तै भूस्खलनमा ३६ जनाको मृत्यु भइसकेको छ भने कम्तीमा ८६ जना घाइते भएका छन् ।

हाल छिमेकी म्यान्माबाट विस्थापित १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थी बङ्गलादेशका विभिन्न शिविरमा बसोबास गरिरहेका छन् । म्यान्माको राखिन राज्यमा सैन्य सरकार र अराकान सेनाबिच जारी द्वन्द्वका कारण सीमापार थप रोहिङ्गया शरणार्थी आउन सक्ने चिन्तासमेत बढेको छ ।

# हर्मुजमा ट्याङ्करमाथि प्रहार तनाव चुलियो

दुबई (संयुक्त अरब इमिरेट्स), ७ जुलाई (एपी) । इरानका दिवङ्गत सर्वोच्च नेता अयातुल्ला अली खामेनीको अन्त्येष्टि जारी रहेका बेला विश्व ऊर्जा आपूर्तिको प्रमुख समुद्री मार्ग हर्मुज जलडमरुमा फेरि एकपटक ट्याङ्करमाथि प्रहार भएको छ । ओमानको तटनजिक यात्रा गरिरहेको तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) बोकेको ट्याङ्करमा मङ्गलबार बिहान प्रहार भएपछि आगलागी भएको बेलायती सेनाले जनाएको छ । घटनाले यस क्षेत्रको सुरक्षा, अन्तर्राष्ट्रिय व्यापार र इरान-अमेरिका तनावलाई थप जटिल बनाएको छ ।

बेलायतको युनाइटेड किङ्गडम मेरिटाइम ट्रेड अपरेसन्स (युकेएमटीओ) का अनुसार ओमानको लिमाह क्षेत्र नजिक दक्षिणतर्फ गइरहेको ट्याङ्करको बायाँ भागमा प्रक्षेप्य (मिसाइल) प्रहार भएको थियो । आगलागी भए पनि घटनाबाट वातावरणीय क्षति नभएको र सम्बन्धित निकायहरूले अनुसन्धान अघि बढाइरहेको जनाइएको छ ।

पर्सियन खाडी र ओमानको खाडी जोड्ने हर्मुज जलडमरु विश्वकै सबैभन्दा व्यस्त ऊर्जा व्यापारिक मार्गमध्ये एक हो । विश्वको करिब पाँचौं भाग तेल तथा प्राकृतिक ग्यास यही मार्ग हुँदै ओसारपसार हुने भएकाले त्यहाँ हुने प्रत्येक सुरक्षा घटनाले अन्तर्राष्ट्रिय बजारमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ ।

इरानी सरकारी टेलिभिजनले कतारबाट एलएनजी बोकेको ट्याङ्कर आक्रमणमा परेको जनाएको भए पनि आक्रमणको जिम्मेवारी तेहरानले औपचारिक रूपमा स्वीकार गरेको छैन । यसअघि इरानले आफ्नो स्वीकृत समुद्री मार्गबाहेक अन्य मार्ग प्रयोग गर्ने जहाजहरूलाई चेतावनी दिँदै आएको थियो । गत बिहीबार इरानको संयुक्त सैन्य कमान्डले जलडमरुबाट गुड्ने सबै तेल ट्याङ्करले स्वीकृत मार्ग प्रयोग गर्नुपर्ने र अमेरिकी सैन्य हस्तक्षेप भए त्यसको 'द्रुत र निर्णायक' जवाफ दिइने चेतावनी दिएको थियो ।

यसैबिच, जलडमरु पूर्ण रूपमा खुलाउने, इरानको विवादास्पद आणविक कार्यक्रम सीमित गर्ने तथा फेब्रुअरी २८ देखि सुरु भएको युद्धको स्थायी अन्त्य खोज्ने उद्देश्यले अमेरिका र इरानबिच वार्ता अघि बढाउने प्रयास जारी रहे पनि खामेनीको अन्त्येष्टिका कारण वार्ता केही समयका लागि स्थगित भएको जनाइएको छ ।

दुवै पक्षबिच ६० दिनसम्म जहाजलाई शुल्कबिनै आवतजावत गर्न दिने अस्थायी सहमति भए पनि इरानले भविष्यमा समुद्री मार्गको नियन्त्रण र शुल्क असुलीको अधिकार कायम राख्नुपर्ने अडान लिएको छ । अमेरिका र खाडी क्षेत्रका धेरै मुलुकले भने त्यस्तो व्यवस्था स्वीकार नगर्ने स्पष्ट पारेका छन् । ओमान र संयुक्त राष्ट्रसङ्घका निकायहरूले वैकल्पिक समुद्री मार्ग प्रयोग गर्ने प्रयासले यसअघि पनि क्षेत्रमा तनाव र आक्रमण निम्त्याएको बताएका छन् ।

डेटा विश्लेषण संस्था केप्लरका अनुसार गत सप्ताहन्तमा मात्र कम्तीमा १०८ वटा जहाजले विभिन्न मार्ग प्रयोग गर्दै हर्मुज जलडमरु पार गरेका थिए ।

यसैबिच इरानमा खामेनीको अन्त्येष्टिमा सहभागी हुन लाखौँ शोकाकुल कोम सहरमा भेला भएका छन् । इरानी सरकारी टेलिभिजनले जामकारान मस्जिदतर्फ जाँदै गरेका जनसागरको प्रत्यक्ष दृश्य प्रसारण गरेको थियो । शोकयात्रामा खामेनी र उहाँका उत्तराधिकारी तथा नयाँ सर्वोच्च नेता अयातुल्ला मोजतबा खामेनीका तस्बिर बोकेका ब्यानर प्रदर्शन गरिएको थियो ।

मोजतबा खामेनी भने हालसम्म सार्वजनिक रूपमा अन्त्येष्टि कार्यक्रममा उपस्थित हुनुभएको छैन । युद्धका क्रममा भएको हवाई आक्रमणमा घाइते भएपछि उहाँ सुरक्षित स्थानमा रहेको अनुमान गरिएको छ । युद्धको उत्कर्षमा इजरायलले वरिष्ठ इरानी नेतृत्वलाई लक्षित आक्रमण गरेको र मोजतबा खामेनीलाई समेत निशाना बनाउने चेतावनी दिएको थियो ।

छयासी वर्षको उमेरमा निधन भएका अयातुल्ला अली खामेनीलाई उहाँको जन्मस्थल मशहदस्थित इमाम रेजा मन्दिरमा शनिबार अन्त्येष्ठि गरिएको थियो । अन्त्येष्टि र राष्ट्रिय शोकका कारण इरानका धेरै क्षेत्रमा सडक, हवाई सेवा तथा दैनिक गतिविधिमा व्यापक प्रतिबन्ध लगाइएको छ ।

# चीनमा मौसमी प्रकोपका कारण ११ जनाको मृत्यु, एक बेपत्ता

वुहान (चीन), ७ जुलाई (सिन्ह्वा) । मध्य चीनको हुबेई प्रान्तको पूर्वी भागमा गम्भीर मौसमी प्रकोपका कारण आएको आँधी-बेहरीका कारण ११ जनाको मृत्यु हुनुका साथै अन्य एक जना बेपत्ता रहेको प्रान्तीय अधिकारीहरूले बताएका छन् ।

अधिकारीहरूका अनुसार सोमबार राती आएको आँधी-बेहरी र तिव्र हावाले ह्वांगसी, ह्वांगगांग, एझोउ, र जियानिङलाई प्रभावित गराएको छ ।

आँधीका कारण २२ वटा भवनहरू पूर्ण रूपमा क्षति गराउनुका साथै क्षेत्रका अन्य चार हजार ८५५ वटा भवनहरू क्षतिग्रस्त भएको जनाइएको छ । प्रकोपका कारण ३३१ जना स्थानीय बासिन्दा घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

प्रान्तीय सरकारले पूर्ण उद्धार तथा राहत कार्यहरू सुरु गरिसकको र थप प्रकोप रोक्ने प्रयास गरिरहेको जनाएको छ ।

# युक्रेनमा रुसी आक्रमण तीव्र : मृतकको सङ्ख्या २१ पुग्यो

किएभ, ७ जुलाई (क्युएनए) । युक्रेनमा भएको रुसी आक्रमणमा मृत्यु हुनेको सङ्ख्या बढेर २१ जना पुगेको युक्रेनी अधिकारीहरूले घोषणा गरेका छन् । स्थानीय अधिकारीहरू तथा उद्धार टोलीहरूले उच्च प्रभावित क्षेत्रका दुई क्षतिग्रस्त आवासीय भवनहरूमा पुरिएका व्यक्तिहरूको खोजी तथा उद्धार कार्य जारी राखेको जनाइएको छ ।

रुसी आक्रमणमा ब्यालेस्टिक मिसाइल, क्रुज मिसाइल लगायत ड्रोनको प्रहार गरेको जनाइएको छ ।

यस अघि मृतकको सङ्ख्या ११ जना पुगेको रिपोर्ट गरिएको थियो भने यो सङ्ग्या अहिले बढेर २१ जना पुगेको पुष्टि गरिएको छ । रुस र युक्रेनले अर्को पक्षको आक्रमणलाई उल्ट्याएको दाबी गर्दै लगभग दैनिकजसो रिपोर्ट गरिएको छ आदान-प्रदान गरेका छन् । सन् २०२२ फेब्रुअरी -२४ देखि दुई देशबिच चलिरहेको द्वन्द्वका कारण यी दाबीहरू अझैसम्म प्रमाणित भने भएका छैनन् ।

# विश्व कपमा निष्पक्षतामाथि बहस

जेनेभा, ७ जुलाई (एपी) । फिफाले अमेरिकी स्ट्राइकर फोलारिन बालोगुनमाथिको निलम्बन अन्तिम समयमा हटाउने निर्णय गरेपछि विश्वकप फुटबलको निष्पक्षता, नियमको समान प्रयोग र राजनीतिक प्रभावबारे व्यापक बहस सुरु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा अध्यक्ष जियानी इन्फान्टिनोबिच भएको टेलिफोन संवादपछि आएको निर्णयले अन्तर्राष्ट्रिय फुटबल वृत्तमा गम्भीर प्रश्न उठाएको छ ।

बालोगुनलाई बोस्निया-हर्जेगोभिनाविरुद्धको खेलमा गम्भीर फाउलका कारण रातो कार्ड देखाइएको थियो । सामान्यत: यस्तो अवस्थामा कम्तीमा एक खेलको प्रतिबन्ध लाग्ने भए पनि फिफाको अनुशासनात्मक समितिले आइतबार निलम्बन हटाउँदै उहाँलाई ४० हजार अमेरिकी डलर जरिवाना गरेर खेल्न अनुमति दिएको थियो । त्यसपछि सोमबार बेल्जियमविरुद्धको विश्वकपको नकआउट खेलमा उहाँ मैदान उत्रिनुभयो ।

तर, विवादास्पद निर्णयले अमेरिकालाई फाइदा पुग्न सकेन । बालोगुन टोलीमा रहे पनि अमेरिका बेल्जियमसँग ४-१ ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरियो । यद्यपि, खेलको नतिजाभन्दा बढी चर्चा फिफाको निर्णय र त्यसको प्रक्रियाले पायो ।

युरोपेली फुटबल महासङ्घ ( युइएफए) ले फिफाले 'लक्ष्मण रेखा पार गरेको' टिप्पणी गर्दै निर्णयलाई अभूतपूर्व, अन्यायपूर्ण र बुझ्न कठिन भनेको छ । युइएफएका अनुसार नियमको निश्चितता र समान कार्यान्वयन खेलको विश्वसनीयताको आधार हो र त्यसमा कमजोरी आए प्रतियोगिताको अखण्डता नै जोखिममा पर्छ ।

बेल्जियम फुटबल सङ्घले पनि बालोगुनको योग्यतामाथि औपचारिक आपत्ति जनाएको थियो । तर, फिफाको अपिल समितिले खेल सुरु हुनुभन्दा केही घण्टाअघि बेल्जियमको चुनौती खारेज गर्दै त्यसलाई मुद्दा उठाउने कानुनी आधार नभएको निष्कर्ष निकालेको थियो । बेल्जियमले अझै स्विट्जरल्यान्डस्थित खेलकुद मध्यस्थता अदालतमा जाने विकल्प खुला राखेको छ ।

फिफाका पूर्वअध्यक्ष सेप ब्लाटरले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै रातो कार्ड राजनीतिक फोन कलका आधारमा नभई नियम, प्रमाण र स्वतन्त्र निकायका निर्णयबाट मात्र उल्टिनुपर्ने बताउनुभयो । स्विस फुटबल सङ्घले पनि प्रतियोगिताको विश्वसनीयता स्पष्ट र स्थिर नियममा निर्भर रहने जनाएको छ ।

विभिन्न राष्ट्रिय टोलीका प्रशिक्षकहरूले पनि निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका छन् । नर्वेका प्रशिक्षक स्टाले सोलबाक्केनले यसले भविष्यका रातो कार्डसम्बन्धी निर्णयमा अन्योल सिर्जना गर्ने बताउनुभयो । इङ्गल्यान्डका प्रशिक्षक थोमस टुचेलले पनि अब पहेँलो कार्डसमेत पुनरावलोकन हुनसक्ने अवस्था सिर्जना भएको टिप्पणी गर्नुभयो ।

फिफाले भने आफ्नो निर्णयको बचाउ गरेको छ । संस्थाले रातो कार्डका कानुनी परिणाम पुनरावलोकन गर्नु आधुनिक फुटबलमा नयाँ विषय नभएको र युरोपका धेरै शीर्ष लिगमा यस्ता निर्णय नियमित रूपमा हुने गरेको जनाएको छ । फिफाका अनुसार यसलाई खेलको निष्पक्षताविरुद्धको कदमका रूपमा व्याख्या गर्नु उचित होइन ।

विवादको केन्द्रमा अमेरिकी राष्ट्रपति ट्रम्पको भूमिका पनि रहेको छ । ट्रम्पले सोमबार आफूले इन्फान्टिनोलाई फोन गरेर घटनाको समीक्षा गर्न आग्रह गरेको स्वीकार गरे । यद्यपि उनले कुनै विशेष निर्णयको दबाब नदिएको दाबी गरे । उनले रातो कार्डलाई 'डरलाग्दो निर्णय' भन्दै दुई खेलाडीबिचको सामान्य टक्करको रूपमा आफूले हेरेको बताए ।

इन्फान्टिनोले भने फिफाका न्यायिक निकाय स्वतन्त्र रहेको र उनीहरूले स्वायत्त रूपमा निर्णय गर्ने स्पष्ट पार्नुभएको छ । ट्रम्पसँगको कुराकानीमा पनि आफूले कानुनी प्रक्रिया जारी रहेको जानकारी मात्र गराएको उहाँको दाबी छ ।

इन्फान्टिनो र ट्रम्पबिचको निकट सम्बन्ध यसअघि पनि विवादको विषय बनेको थियो । गत वर्ष फिफा काङ्ग्रेस ढिलो भएको घटनादेखि लिएर ट्रम्पलाई फिफा शान्ति पुरस्कार प्रदान गरिएको विषयसम्म युरोपेली फुटबल वृत्तले पटक-पटक चासो व्यक्त गर्दै आएको छ । नर्वे फुटबल सङ्घले त इन्फान्टिनोमाथि राजनीतिक तटस्थता उल्लङ्घन गरेको आरोप लगाउँदै नैतिक उजुरीसमेत समर्थन गरेको थियो ।

बालोगुनको घटनाले विश्वकपमा अनुशासनात्मक निर्णयसम्बन्धी फिफाको पछिल्लो अभ्यासमाथि पनि प्रश्न उठाएको छ । यसअघि पोर्चुगलका क्रिस्टियानो रोनाल्डो, इक्वेडरका मोइसेस काइसेडो, अर्जेन्टिनाका निकोलस ओटामेन्डीलगायत केही खेलाडीलाई पनि अपेक्षाभन्दा नरम सजाय दिइएको भन्दै आलोचना भएको थियो । त्यस्तै, दक्षिण अफ्रिकाका थेम्बा ज्वानेजस्ता खेलाडीले भने समान प्रकृतिको घटनामा कडा प्रतिबन्ध भोग्नुपरेको उदाहरणसमेत प्रस्तुत गरिएको छ ।

यस घटनापछि विश्व फुटबलमा नियमको समान प्रयोग, न्यायिक निकायको स्वतन्त्रता र राजनीतिक प्रभावबाट खेललाई टाढा राख्ने विषय फेरि बहसको केन्द्रमा पुगेको छ । बेल्जियमले थप कानुनी प्रक्रिया अघि बढाउने सम्भावना रहेकाले विवाद अझै केही समय जारी रहने सङ्केत देखिएको छ ।

# सङ्घीय राजधानी नै डुबानको चपेटामा

✍ प्रगति ढकाल

काठमाडौँ । अहिले मनसुन याम, मौसमको कुनै भर हुँदैन । बिहान टन्टलापुर घाम लागिरहेको हुन्छ भने साँझ घर फर्कने बेला एक्कासि मुसलधारे वर्षा हुन थाल्छ । त्यसपछि सुरु हुन्छ, उपत्यकावासीको अर्को चिन्ता- कतै सडक जलमग्न त हुने होइन ? सवारी चालकलाई डुबेको सडक छिचोल्नुपर्ने बाध्यता हुन्छ भने पैदलयात्री सुरक्षित पाइला टेक्ने बाटो खोज्दै भौतारिनुपर्छ ।

गत बिहीबार साँझको व्यस्त समय थियो । सरकारी तथा विभिन्न निजी कार्यालयका कर्मचारीहरू दिनभरको काम सकेर घर फर्कने तयारीमा थिए । विद्यालय र कलेजका विद्यार्थीहरू पनि पुस्तकका झोला बोकेर आफ्ना गन्तव्यतर्फ लागिरहेका थिए । सडकमा सवारीसाधनको चाप बढ्दो थियो र राजधानी आफ्नो नियमित गतिमा चलिरहेको थियो । एक्कासि आकाशमा कालो बादल मडारिएर केही क्षणमै झमझम पानी पर्न थाल्यो । वर्षा त्यति धेरै थिएन तर त्यसको असर भने केही मिनेटमै देखियो ।

मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार नजिकैको माइतीघर र अनामनगर क्षेत्र नै जलमग्न हुन थाल्यो । यीलगायत उपत्यका अन्य सडकसमेत जलमग्न बने । सडकमा गुडिरहेका सवारीसाधन पानीमै रोकिन थाले, यात्रुहरू अलपत्र परे र पैदल यात्रुहरू सुरक्षित बाटो खोज्दै भौतारिन बाध्य भए । कतिपय कर्मचारी समयमै घर पुग्न सकेनन् । कतिपयले जोखिम मोलेर पानीमाथि मोटरसाइकल कुदाइरहेका थिए । विशेष गरी दुईपाङ्ग्रे सवारी चालकहरूका लागि डुबानले थप चुनौती सृजना गरिरहेको थियो । सडकको खाल्डाखुल्डी पानीमुनि लुकेका थिए, जसले दुर्घटनाको जोखिम अझ बढाएको थियो ।

यो दृश्य बिहीबार साँझको मात्रै होइन, पछिल्ला वर्षहरूमा राजधानी बर्सेनि डुबानमा परेको छ । मनसुन समयमा भारी वर्षा नभए पनि सडक जलमग्न हुनु, सवारी आवागमन अवरुद्ध हुनु र जनजीवन प्रभावित हुनु उपत्यकावासीका लागि लगभग नियमित समस्याजस्तै बनेको छ । प्रश्न उठ्छ- भारी वर्षा नै नभएको अवस्थामा पनि किन डुबानमा पर्छ काठमाडौँ उपत्यका ? विशेषज्ञहरूका अनुसार अव्यवस्थित सहरीकरण, साँघुरा तथा अवरुद्ध ढल प्रणाली, नदी-खोलाको अतिक्रमण, सडक निर्माणको क्रममा पानी निकासलाई बेवास्ता गर्नु र बढ्दो कङ्क्रिट संरचनाले वर्षाको पानी जमिनमा सोसिन नपाउनु यसका मुख्य कारण हुन् । वर्षाअघि सहज रूपमा बग्ने पानी अहिले सडक र बस्तीमै थुनिन थालेको छ ।

### ढल प्रणालीमा बढ्दो चापले समस्या

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले उपत्यकामा पछिल्ला वर्षहरूमा देखिएको सडक डुबानको समस्या ठुलो वर्षाका कारण मात्र नभई ढल प्रणालीमा बढ्दो चाप, प्लास्टिकजन्य फोहर र पूर्वाधार निर्माणबिचको समन्वय अभावका कारण पनि जटिल बन्दै गएको जनाएको छ । केयूकेएलका प्रवक्ता प्रकाशकुमार राईका अनुसार केयूकेएलले समय-समयमा ढल सफाइ तथा मर्मतको काम गर्दै आए पनि प्लास्टिकका झोला, बोतल, प्याकेजिङ सामग्रीलगायतका फोहर ढलमा फाल्ने प्रवृत्तिले समस्या समाधान हुनसकेको छैन । उहाँले भन्नुभयो, “ढल प्रणालीमा यस्ता फोहर जम्मा हुँदा पानीको बहाव अवरुद्ध हुने र सामान्य वर्षामा समेत सडकमा पानी जम्ने अवस्था सृजना हुने गरेको छ । उपत्यकाका धेरै स्थानमा खोलातर्फ बग्नुपर्ने ढलको पानी उल्टै सडकमा फैलिने समस्या देखिएको छ । हामीले बेलाबेलामा ढल सफा गर्ने काम गरिरहेका हुन्छौँ तर प्लास्टिकजन्य फोहर र निर्माण सामग्रीका कारण फेरि पनि ढल जाम हुने समस्या दोहोरिन्छ ।”




राईका अनुसार विशेष गरी मनसुनको समयमा सडक विस्तार, मर्मत तथा अन्य निर्माण गतिविधिबाट बगेको माटो, बालुवा र धुलो ढलभित्र जम्मा हुँदा पानी निकास प्रणाली थप प्रभावित हुने गरेको छ । उहाँले सडक, ढल र अन्य सहरी पूर्वाधार निर्माण गर्ने निकायबिच पर्याप्त समन्वय नहुँदा पनि समस्या बढेको उल्लेख गर्नुभयो । सडक निर्माण वा विस्तारका क्रममा आवश्यक ढलको क्षमता, आकार र निकास प्रणालीको पर्याप्त अध्ययन तथा योजना नबन्दा वर्षाको पानी व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको राईको भनाइ छ । “कुन क्षेत्रमा कति क्षमताको ढल आवश्यक पर्छ भन्ने विषयमा सम्बन्धित निकायबिच समन्वय आवश्यक छ । आवश्यकताअनुसार ढलको आकार विस्तार गर्नुपर्ने अवस्था छ,” उहाँले भन्नुभयो ।

प्रवक्ता राईले काठमाडौँ उपत्यकाको तीव्र सहरीकरण र बढ्दो जनसङ्ख्याले पुरानो ढल प्रणालीमाथि थप दबाब सृजना गरेको बताउनुभयो । विगतमा वर्षाको पानी जमिनले सोस्ने क्षमता धेरै भए पनि अहिले अधिकांश खुला क्षेत्र कङ्क्रिट संरचनाले ढाकिएका कारण पानी सिधै ढल प्रणालीमा पुग्ने गरेको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार घरका छाना, आँगन र पक्की संरचनाबाट बग्ने वर्षाको पानी पनि ढलमै मिसिने भएकाले केही समयमै ढल प्रणालीको क्षमता नाघ्ने अवस्था उत्पन्न हुने गरेको छ ।

जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको परिवर्तनले पनि समस्या थप गम्भीर बनाएको उहाँको भनाइ छ । “पहिला वर्षा लामो समयसम्म मध्यम रूपमा हुन्थ्यो, अहिले छोटो समयमा धेरै पानी पर्ने प्रवृत्ति बढेको छ । यसले पुरानो ढल प्रणालीलाई थप चुनौती दिएको छ,” राईले बताउनुभयो । उहाँले सहरी डुबानको समस्या समाधानका लागि ढलको क्षमता विस्तार, नियमित सरसफाइ, प्लास्टिक फोहर व्यवस्थापन, वर्षाको पानी सङ्कलन तथा सम्बन्धित निकायबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो । साथै, दीर्घकालीन समाधानका लागि पर्याप्त आर्थिक स्रोतको व्यवस्था र आधुनिक ढल पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्नेमा राईले जोड दिनुभयो ।

### ढलको चाप घटाउन अकासेपानी पुनर्भरण आवश्यक

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकृत सन्तोष बरालले उपत्यकामा दीर्घकालीन ढल व्यवस्थापन र भूजल पुनर्भरणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बताउनुभएको छ । उहाँका अनुसार उपत्यकामा ढललाई सिधै नदी तथा खोलामा मिसाउने परम्परागत प्रणालीलाई क्रमश: अन्त्य गर्दै प्रशोधनपछि मात्र पानी नदीमा प्रवाह गर्ने नीतिअनुरूप योजना कार्यान्वयन सुरु भएको छ । बरालले वर्षाको पानीलाई जमिनभित्र पुनर्भरण गर्ने उद्देश्यले विद्यालय, कलेज तथा सार्वजनिक भवनहरूमा वर्षाको पानी पुनर्भरण आयोजना सञ्चालन गरिएको जानकारी दिनुभयो । ती आयोजनामार्फत छत तथा खुला क्षेत्रबाट सङ्कलित वर्षाको पानी जमिनमुनि पठाएर भूजलको स्तर संरक्षण गर्ने प्रयास भइरहेको उहाँको भनाइ छ ।

बरालका अनुसार त्रिचन्द्र बहुमुखी क्याम्पसलगायतका सार्वजनिक क्याम्पस तथा विद्यालयमा पुनर्भरण प्रणाली स्थापना गरिएको छ । त्रिचन्द्र बहुमुखी क्याम्पसको छतबाट सङ्कलन गरिएको वर्षाको पानीलाई पुनर्भरण प्रणालीमार्फत रानीपोखरी क्षेत्रमा पठाउने व्यवस्था गरिएको उहाँले बताउनुभयो । “हालसम्म उपत्यकाका विभिन्न स्थानमा ३०० भन्दा बढी पुनर्भरण संरचना निर्माण भइसकेका छन्,” बरालले भन्नुभयो ।

उहाँले वर्षाको पानीसँगै बगेर आउने धुलो, माटो र हिलो ढल प्रणालीभित्र प्रवेश गर्दा ढल जाम हुने समस्या बढ्दै गएको बताउनुभयो । विशेष गरी मनसुनको समयमा सडक तथा निर्माणस्थलबाट बग्ने लेदो र फोहरका कारण ढलको पानी निकास प्रभावित हुने गरेको उहाँको भनाइ छ । बरालले ढल सफाइको काम नियमित रूपमा भइरहेको भए पनि फोहर तथा माटोको अत्यधिक चापले समस्या दोहोरिने गरेको उल्लेख गर्नुभयो । उहाँले सहरी डुबानको समस्या समाधानका लागि सङ्घीय सरकार, स्थानीय तह तथा सम्बन्धित निकायबिच समन्वय आवश्यक रहेको बताउँदै स्थानीय तहहरूले पनि ढल निकास सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो । “ढल व्यवस्थापनका लागि प्रभावकारी समन्वय, वर्षा पानी व्यवस्थापन र भूजल पुनर्भरणलाई सँगसँगै अघि बढाउन सके सहरी डुबानको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सकिन्छ,” बरालले भन्नुभयो ।

### पानी छिर्ने बाटो बन्द हुँदा सहरी डुबानको बढ्दो जोखिम

भूगर्भविद् डा. सुबोध ढकालले भारी वर्षा नहुँदा पनि काठमाडौँ उपत्यकामा बढ्दो सहरी डुबानको समस्या अव्यवस्थित सहरीकरण, भूजल पुनर्भरणमा आएको कमी तथा कमजोर ढल व्यवस्थापनका कारण सृजना भएको बताउनुभएको छ । उहाँका अनुसार मनसुन सुरु हुनुअघि नै ढल, खोला र नाला सफा गर्ने कार्यलाई प्राथमिकता दिएको भए सडक डुबानका धेरै घटनालाई न्यूनीकरण गर्न सकिन्थ्यो । उहाँले भन्नुभयो, “वर्षालाई रोक्न नसकिने भए पनि पानीको निकासलाई व्यवस्थापन गर्न खुला जमिन राखेको भए आकाशबाट परेको आधा पानी जमिनमुनि छिर्न पाउँथ्यो र क्षति घटाउन सकिन्थ्यो । विगतमा आकाशबाट परेको पानीको ठुलो हिस्सा जमिनभित्र सोसिने र भूजल पुनर्भरण हुने गरेको थियो तर अहिले कङ्क्रिट संरचनाको विस्तारले त्यो प्राकृतिक प्रक्रिया अवरुद्ध भएको छ ।”

पछिल्लो समय सडक, पार्किङ क्षेत्र, घर तथा अन्य संरचनामा सिमेन्ट र कङ्क्रिटको प्रयोग बढेसँगै अधिकांश पानी सतहमै बग्ने गरेको भन्दै यसले छोटो समयमा धेरै पानी ढल प्रणालीमा पुग्ने र डुबानको समस्या बढाउने गरेको ढकालले बताउनुभयो । भूगर्भीय बनोटका आधारमा जमिनको पानी सोस्ने क्षमता फरकफरक हुने उहाँले बताउनुभयो । ग्राभेल र बालुवायुक्त क्षेत्रमा पानी सजिलै जमिनभित्र प्रवेश गर्न सक्ने भए पनि कुनै स्थानमा पानी कम मात्रामा सोसिने उहाँको भनाइ छ ।

डा. ढकालले बढ्दो सहरीकरणसँगै भूजलको अत्यधिक दोहन भइरहेको भए पनि पुनर्भरणका प्रयास पर्याप्त नभएको बताउनुभयो । खाली जग्गा, खुला आँगन तथा सार्वजनिकस्थलहरूमा वर्षाको पानी जमिनभित्र पठाउने संरचना निर्माण गर्न सके भूजल संरक्षण र डुबान नियन्त्रण दुवैमा सहयोग पुग्ने उहाँले उल्लेख गर्नुभयो । ढकालका अनुसार घर निर्माण गर्दा सबै भूभाग कङ्क्रिटले ढाक्नुको सट्टा केही भाग खुला छाड्ने र वर्षाको पानी जमिनभित्र पठाउने व्यवस्था गर्नुपर्छ । “यदि प्रत्येक घरमा थोरैमात्र खुला जमिन राखेर पुनर्भरणको व्यवस्था गर्ने हो भने त्यसको सामूहिक प्रभाव निकै ठुलो हुनसक्छ,” उहाँले भन्नुभयो ।

ढकालका अनुसार छतबाट खेर जाने वर्षाको पानी सङ्कलन गरेर ट्याङ्कीमा राख्ने र हिउँदको समयमा प्रयोग गर्न सकेमा पनि डुबानको समस्या न्यूनीकरण गर्न सकिन्छ । भविष्यमा नयाँ सहर तथा बस्ती विकास गर्दा खुला क्षेत्र, वर्षाको पानी व्यवस्थापन र भूजल पुनर्भरणलाई अनिवार्य मापदण्डका रूपमा समावेश गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, “सहरीकरणको गतिअनुसार ढल व्यवस्थापन प्रणालीको सुधार आवश्यक छ । अकासे पानीलाई सकेसम्म घरघरमै सङ्कलन र व्यवस्थापन गर्न सके सहरी डुबानका समस्या न्यूनीकरण गर्न सकिन्छ ।”

काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले वर्षाको पानी सहज रूपमा खोला पठाउनका लागि उपत्यकाका खोलाकिनार तथा ढलमा जम्मा भएका फोहर व्यवस्थापन भइसकेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “हामीले फोहर सफा गरे पनि एकैछिनमा धेरै वर्षा हुने भएकाले काठमाडौँमा डुबानको समस्या हट्न सकेको छैन । कसरी उपत्यका डुबान हुन नदिने भनेर प्रयास त गरेका छौँ । पछिल्लो वर्षाको प्रकृतिका कारण डुबान भएको छ ।” मानन्धरका अनुसार डुबान हुँदा काठमाडौँ महानगरपालिका उद्धारका लागि तयारी अवस्था रहेको छ ।

### जलवायुका कारण वर्षाको स्वरूप परिवर्तन

जल तथा मौसम विज्ञान विभागको मौसमविद् विनु महर्जनले छोटो अवधिमा धेरै वर्षा हुँदा डुबानको समस्या हुने बताउनुभयो । उहाँले भन्नुभयो, “पहिला पहिला दुई-तीन दिनसम्म हल्का हल्का वर्षा भइरहन्थ्यो । तर, दिनभरजस्तो हुने वर्षा अहिले एक घण्टा जतिमा हुने गरेको छ । उदाहरणका लागि, बबरमहलमा बिहीबार साँझ ४७ मिलिमिटर हाहाहारीमा वर्षा एक घण्टाको अवधिमै भयो, दिनभरिको समयमा ४७ मिलिमिटर वर्षा भएको भए डुबान नहुन सक्थ्यो । पछिल्लो समय वर्षाको स्वरूप परिवर्तन छ ।”

कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता तथा जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले पछिल्ला वर्षहरूमा छोटो समयमा अत्यधिक वर्षा हुने घटनामा वृद्धि हुनु जलवायु परिवर्तनको सम्भावित प्रभावका रूपमा लिन सकिने बताउनुभएको छ । यद्यपि, यसबारे थप वैज्ञानिक अनुसन्धान र विश्लेषण आवश्यक रहेको उहाँको भनाइ छ । ढकालका अनुसार पछिल्ला वर्षहरूमा छोटो अवधिमा अत्यधिक वर्षा हुँदा बाढी, डुबान र पूर्वाधारमा ठुलो क्षति पुग्ने गरेको छ । यस्ता घटनाबाट भएको हानि-नोक्सानीको तथ्याङ्क र अनुभवले अन्तर्राष्ट्रिय जलवायु वित्त तथा हानि-नोक्सानी कोषमा नेपालको पहुँच विस्तार गर्न आधार प्रदान गर्न सक्ने उहाँले बताउनुभयो ।

ढकालले जलवायु परिवर्तनका कारण मौसमीय चरम घटनाको जोखिम बढिरहेका बेला गाउँबाट सहरतर्फको तीव्र बसाइँसराइले सहरी क्षेत्रमाथि थप दबाब सृजना गरेको बताउनुभयो । “तीव्र सहरीकरण भए पनि त्यसअनुसारको पूर्वाधार विकास र योजनाबद्ध व्यवस्थापन हुन नसक्दा जलवायुजन्य विपद्को जोखिम झन् बढ्दै गएको छ,” उहाँले भन्नुभयो । ***रासस***

# भ्रष्टाचारविरोधी आन्दोलन र ऐतिहासिक विरासत

● एस. सुवाल

इतिहासका पानाहरू केवल समयका मितिहरू होइनन्, यी त चेतनाका दियो हुन् । विक्रम संवत् २०२५ साल साउन २ गते र २०२६ साल असार १९ गतेका दिनहरू भक्तपुरको राजनीतिक र सामाजिक इतिहासमा एक त्यस्तो ‘अग्निपरीक्षा’ का रूपमा दर्ज छन्, जसले नेपाली समाजलाई भ्रष्टाचार र शोषणविरुद्ध सधैँ सचेत रहनुपर्छ भन्ने गहिरो पाठ सिकाए । यी मितिहरूको स्मरण गर्नु भनेको केवल अतीतको गाथा गाउनु होइन, यो त वर्तमानको जटिल र भ्रष्टाचारग्रस्त समाजका लागि एक ‘वैचारिक पाठशाला’ हो, जहाँ हामीले इतिहासबाट वर्तमानको बाटो खोज्नुपर्ने हुन्छ ।

भक्तपुरको माटोमा त्यतिबेला ‘नवदुर्गा बहुउद्देश्यीय सहकारी संस्था’ खोलिएको थियो । किसानहरूको पसिनासँग जोडिएको अन्न, जुन उनीहरूले आफ्ना छोराछोरीको भविष्य र मलको आशामा सहकारीमा बुझाएका थिए, त्यो जब केही व्यक्तिहरूको व्यक्तिगत व्यापारिक स्वार्थमा स्वाहा भयो, तब त्यो एउटा आर्थिक ठगी मात्र रहेन, त्यो त एउटा सिङ्गो समुदायको विश्वासमाथिको गम्भीर प्रहार थियो । कृष्णभक्त चौगुठी (मङ्गले) का नाममा घटेको त्यो घटनाले समाजमा मानिसहरूले अन्यायलाई चुपचाप सहेर बस्न सकेनन् । दोषीलाई उल्टो टोपी लगाइदिने र नगर परिक्रमा गराउने त्यो दृश्य केवल एक सजाय थिएन, त्यो त भ्रष्टहरूका लागि समाजले तयार पारेको एक ‘नैतिक ऐना’ थियो, जसमा उनीहरूले आफ्नो कुरूप अनुहार देख्नुपरेको थियो । त्यही सङ्घर्षको धरातलबाट भक्तपुरमा यस्तो राजनीतिक चेतनाको जन्म भयो ।

वास्तवमा भ्रष्टाचारलाई केवल ‘घुस’ वा ‘पैसाको लेनदेन’ को साँघुरो घेरामा राखेर हेर्नु सबैभन्दा ठुलो भूल हो। भ्रष्टाचार त राज्य वा समाजको भविष्यप्रति गरिने घात हो। कुनै पनि काममा जानीजानी गरिने ढिलासुस्ती, निर्णय लिन अल्मलाउने प्रवृत्ति, जिम्मेवारीबाट पन्छिने आनीबानी वा नागरिकको अधिकारप्रति देखाइने उदासीनता आदि कुराले अप्रत्यक्ष रूपमा राष्ट्रको विकास र न्यायको गतिलाई अवरुद्ध पारिरहेका हुन्छन् । जनतालाई सुविधा दिनुपर्ने ठाउँमा दुःख दिने, सार्वजनिक स्रोतलाई आफ्नो स्वार्थको साधन बनाउने वा राज्यको शक्तिलाई व्यक्तिगत फाइदाका लागि प्रयोग गर्ने जुनसुकै कार्य भ्रष्टाचारकै एउटा स्वरूप हो ।

समयको गतिसँगै भ्रष्टाचारको स्वरूपले पनि आफ्नो आवरण बदल्दै लगेको छ । विगतमा अनियमितता प्राय: प्रत्यक्ष देखिने र भोगेका हुन्थे, जसले तत्कालै जनआक्रोश जन्माउँथ्यो । तर आजको समयमा भ्रष्टाचार ‘नीतिगत’ भइसकेको छ । अब भ्रष्टाचार कुनै एउटा व्यक्तिले मात्र गर्ने नभई विभिन्न प्रक्रिया, कानुनका दफा र कागजी जालझेलको आवरणमा हुने गर्दछ । ठेक्कापट्टामा गरिने सेटिङ, सार्वजनिक खरिदमा देखाइने कृत्रिम प्रतिस्पर्धा र कमिसनका नयाँ-नयाँ जालले आजको समाजलाई हिजोको भन्दा धेरै बढी जटिल मोडमा उभ्याइदिएको छ । नेपालमा पछिल्लो समय देखिएका नक्कली भुटानी शरणार्थी प्रकरण वा सुन तस्करीजस्ता काण्डहरूले राज्यका संयन्त्रहरू कसरी आन्तरिक रूपमा कमजोर बनाइएका छन् भन्ने कुरा छर्लङ्ग पारेका छन् । आज एउटा भ्रष्ट संयन्त्रले सिङ्गो अर्थतन्त्र र राज्यको अस्मितालाई नै बन्धक बनाइरहेको छ ।

यो समस्या नेपालको मात्र होइन, विश्वका विभिन्न मुलुकले पनि यस्ता सङ्कटहरू भोग्दै आएका छन् । इतिहासले सिकाएको प्रतिरोधको चेतना भनेको अरूलाई औँला ठड्याउनु मात्र होइन, बरु आफैँले आफ्नो वरिपरिको वातावरणमा हुने अनियमितताप्रति सूक्ष्म दृष्टि राख्नु हो । २०२५-२६ सालको घटना होस् वा आजका ठुला काण्डहरू–यी सबैले हामीलाई एउटा साझा सत्यको सम्झना गराउँछन् कि भ्रष्टाचार कुनै एउटा व्यक्ति वा दलको मात्र समस्या होइन, यो त समाजको सामूहिक चेतनाको परीक्षण हो ।

इतिहास त एउटा साक्षी मात्र हो, यसले हामीलाई सिकाउँछ कि शक्तिशाली भ्रष्टहरू जहिले पनि जनताको सङ्गठित चेतना र खबरदारीभन्दा कमजोर हुन्छन् । जबसम्म सार्वजनिक संस्थाहरू पारदर्शी हुँदैनन् र जबसम्म हरेक नागरिकले आफूलाई देशको पहरेदारको रूपमा उभ्याउँदैन, तबसम्म भ्रष्टाचारको स्वरूप बदलिँदै जान्छ । त्यसैले, यो सङ्घर्षको इतिहासलाई सम्झनु भनेको केवल अतीतको गाथा गाउनु होइन, यो त वर्तमानको जटिलतालाई चिर्न सक्ने क्षमता विकास गर्नु हो । भ्रष्टाचारमुक्त समाजको निर्माण कानुन बनाएर मात्र सम्भव छैन, यो त समाजमा भ्रष्टाचारप्रतिको शून्य सहनशीलताको सांस्कृतिक जागरणबाट मात्र सम्भव छ । इतिहासले सिकाएको यो चेतनाको दियोलाई बालिराख्नु नै ती महान् आन्दोलनकारी र सङ्घर्षशील अग्रजहरूप्रति गरिने साँचो सम्मान हो ।

# बचतकर्तालाई १० हजारदेखि एक लाखसम्म फिर्ता गरिँदै

काठमाडौँ, २३ असार । वाग्मती प्रदेश, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले पाँच समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता गर्ने तयारी गरेको छ ।

वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको उपस्थितिमा केही दिनअघि भएको छलफलले सिभिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ, दर्शन बचत तथा ऋण सहकारी, सुमेरु बचत तथा ऋण सहकारी, लालीगुराँस बचत तथा ऋण सहकारी, नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारीका बचत फिर्ता गर्ने निर्णय गरेको थियो ।

यही असार मसान्तभित्र साना बचतकर्ताको रकम फिर्ता गर्नेगरी तयारी भइरहेको समिति सदस्य रामेश्वर ढकालले राससलाई जानकारी दिनुभयो । "असारको २७ गतेदेखि मसान्तसम्म साना बचतकर्तालाई रकम फिर्ता गर्ने योजना बनाइएको छ, अहिले बचतकर्ताको विवरण 'भेरिफाइ' गर्ने काम भइरहेको छ", उहाँले भन्नुभयो ।

बचतकर्तालाई रकम फिर्ता गर्न करिब रु. नौ करोड जम्मा भइसकेको छ । ती सहकारीका साना बचतकर्ताहरूलाई अनामनगरस्थित समितिका कार्यालयमा सम्पर्क गर्न आग्रह गरिएको छ ।

समितिले सिभिल, सुमेरु, लालीगुराँस र नमोबुद्ध सहकारीका बचतकर्ताका रु. एक लाखसम्म तथा दर्शन सहकारीका बचतकर्तालाई रु. १० हजारसम्म बचत रकम फिर्ता गर्ने योजना बनाएको छ । यससँगै पाँच सहकारीका करिब तीन हजार साना बचतकर्ताले रकम फिर्ता पाउने समितिका सदस्य ढकालले जानकारी दिनुभयो ।

समितिले गत जेठ २२ गते समस्याग्रस्त ठहर भएका ती सहकारी संस्थाका ११४ जना ठुला ऋणीहरूको नामावली सार्वजनिक गर्दै सहकारी संस्थाबाट लिएका ऋण तत्काल चुक्ता गर्न आग्रह गरेको थियो । ***(रासस)***

***जाँचबुझ...***

भएन तर पोस्टमार्टम ढिला भयो । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ ।

**मृतक योग श्रेष्ठको दाजु रामकृष्ण श्रेष्ठको कागज व्यहोरा :**

मेरो भाइले भदौ २३ गते आन्दोलनमा सहभागी हुनेबारे कसैलाई जानकारी दिएका थिएनन् । सधैँजसो जिम गएर ३:०० बजे खाना खाने मान्छे भदौ २३ गते बिहान १०:०० बजेको समयमा 'दिदी खाना हाल्दिनू, बाहिर जानु छ' भनेर घरबाट निस्केका थिए । घटनासम्बन्धी आन्दोलनमा योगकै मोबाइलबाट खिचिएको भिडियो हामीसँग सुरक्षित छ । बानेश्वर चोकमा भिडियो बनाउँदै गर्दा कोखामा गोली लागेपछि को-कसले अस्पताल पुऱ्याएका हुन् थाहा भएन । भदौ २३ गतेको दिन नै अस्पतालमा मृत घोषणा भयो । मेरो भाइले कलिलो उमेरमै ज्यान गुमाउनुपऱ्यो । नेपाल सरकारबाट पाउने राहत रकम पाएका छौँ ।

रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।

यसबाट बच्न:

- घरपालुवा जनावरलाई नियमितरुपमा रेबिजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेबिजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

रेबिज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सात प्रतिशत आर्थिक वृद्धिलाई भरथेग गर्ने लक्ष्यसहितको मौद्रिक नीति सार्वजनिक

काठमाडौँ, २३ असार । सरकारले आगामी आर्थिक वर्षमा राखेको सात प्रतिशतको आर्थिक वृद्धिलाई भरथेग गर्ने गरी नेपाल राष्ट्र बैङ्कले लचिलो खालको मौद्रिक नीति ल्याएको छ ।

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्वनाथ पौडेलले आज आगामी आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति सार्वजनिक गर्दै सरकारले लिएको आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी मौद्रिक नीति ल्याएको बताउनुभयो ।

गभर्नर पौडेलले बैङ्क तथा वित्तीय संस्थाले करिब रु. ६० खर्ब बराबरको ऋण विस्तार गरेको उल्लेख गर्दै आगामी आवमा ११ प्रतिशत अर्थात छ खर्ब ५२ अर्ब ऋण विस्तार गरी सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्ने बताउनुभयो ।

नेपाल राष्ट्र बैङ्कका प्रवक्ता गुरुप्रसाद पौडेलले पनि आज पत्रकार आयोजित पत्रकार सम्मेलनमा सरकारले लिएका सात प्रतिशतको आर्थिक वृद्धिलाई सहयोग गर्ने गरी मौद्रिक नीति ल्याइएको बताउनुभयो । "सरकारले आगामी आर्थिक वर्षमा ल्याएको नीति कार्यक्रम र बजेटलाई भरथेग र सहयोग गर्ने गरी नै मौद्रिक नीति आएको छ, मौद्रिक नीतिले सरकारले राखेको उद्देश्य पूरा गर्नका लागि सहयोगी भूमिका खेल्नेछ", उहाँले भन्नुभयो ।

राष्ट्र बैङ्कले मौद्रिक नीतिमा कर्जाको सुरक्षण स्वरूप व्यक्तिगत जमानीबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने प्रावधानलाई प्राथमिकताको साथमा ल्याएको उल्लेख गरेको छ । प्रवक्ता पौडेलले यो प्रावधानले ऋणीलाई केही हदसम्म भए पनि सहज बनाउने बताउनुभयो ।

मौद्रिक नीतिमा चेक अनादरका कारण कालोसूचीमा परी बैङ्किङ सेवाको पहुँचमा बाधा पर्ने अवस्था कम गर्नेतर्फ पनि केही सहजीकरण गर्ने उल्लेख छ । चेक अनादरको कारणले कालोसूचीमा नभइकन फरक ढङ्गले कानुनी व्यवस्था गर्नाले उद्यमी तथा व्यवसायीलाई केही सहजता हुने प्रवक्ता पौडेलले बताउनुभयो ।

राष्ट्र बैङ्कले रुग्ण उद्योगलाई नयाँ योजना सोच र भिजनसहित अघि बढाउन चाहने कम्पनीलाई पनि प्रवर्द्धन गर्ने खालको नीति मौद्रिक नीतिमा अङ्गीकार गरेको छ ।

राष्ट्र बैङ्कका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सनाले मौद्रिक नीतिमार्फत रुग्ण अवस्थामा रहेको उद्योगलाई नयाँ सोच र भिजनसहित फेरि सञ्चालन गर्ने कार्ययोजनासहित आउनेलाई प्रोत्साहन गर्नका लागि यो नीति ल्याएको बताउनुभयो । "रुग्ण उद्योगका निष्कृय कर्जाको व्यवस्थापनका साथै निष्कृय कर्जालाई पुनरुत्थान गर्न र संस्थालाई फेरि पहिलाकै अवस्थामा ल्याउनका लागि यो नीति ल्याएका हौँ", उहाँले भन्नुभयो ।

राष्ट्र बैङ्कले संस्थाको सबलताका आधारमा शेयर धितो कर्जा सीमा निर्धारण हुने एवम् सार्वजनिक सवारीका रूपमा प्रयोग हुने ठुला विद्युतीय सवारीसाधनको कर्जा मूल्य अनुपात सहजीकरण हुने गरी विशेष नीतिगत व्यवस्था गरेको छ ।

बैङ्क तथा वित्तीय संस्थालाई डिजिटलाइजेसनमार्फत वित्तीय लागत न्यून गराई सोको प्रतिफल ग्राहकमा हस्तान्तरण गरी उपभोक्ताले प्राप्त गर्ने सेवाको गुणस्तर अभिवृद्धि गर्दै लैजाने नीति मौद्रिक नीतिमा समावेश छ । साथै बैङ्क तथा वित्तीय संस्थाको वर्गीकरणका सम्बन्धमा भैरहेको अध्ययन सम्पन्न गरी सोही अनुरुप बैङ्क, वित्तीय संस्था तथा गैर बैङ्क तथा वित्तीय संस्थालाई लक्षित कार्यक्षेत्रमा सेवा विस्तार गर्न प्रोत्साहन गर्ने नियामकीय व्यवस्थाहरू क्रमश: लागू गर्ने नीति अङ्गीकार गरिएको छ ।

प्रवक्ता पौडेलले आगामी आर्थिक वर्षको मौद्रिक नीतिलाई तीन वटा फरक-फरक कागजपत्रका आधारमा प्रस्तुत गर्न खोजेको बताउनुभयो । "विगतका वर्षका मौद्रिक नीतिमा एकै ठाउँमा सबै कुरा समावेश गरेर ल्याइने गरिन्थ्यो, तर आगामी आवको मौद्रिक नीतिमा भने तीन वटा फरक-फरक डकुमेन्टलाई छुट्टाछुट्टै ढङ्गबाट प्रस्तुत गरेर ल्याइएको छ", उहाँले भन्नुभयो ।

केन्द्रीय बैङ्कले आव २०८२/८३ को मौद्रिक नीतिको समीक्षा, 'म्याक्रो इकोनोमिक रिपोर्ट, एनालाइसिस एन्ड आउटलुक' र मौद्रिक नीति २०८२/८३ गरेर छुट्टाछुटै रुपमा ल्याएको छ ।

केन्द्रीय बैङ्कले आव २०८३/८४ मा पाँच दशमलव ५ प्रतिशतको हाराहारीमा मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै ७.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न आवश्यक मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गर्ने नीति अघि सारेको छ ।

मौद्रिक नीतिले बैङ्क तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैङ्क दरलाई यथावत् राख्दै अन्तरबैङ्क दरलाई नीतिगत दरको हाराहारीमा कायम हुने गरी खुला बजार कारोबार सञ्चालन गर्ने नीति अघि सारेको छ । त्यस्तै गरी तरलताको प्रकृति हेरी संरचनागत तरलता र नियमित तथा आकस्मिक तरलता व्यवस्थापनका लागि भिन्न अवधिका उपकरणहरू प्रयोग गरिने मौद्रिक नीतिमा उल्लेख गरिएको छ ।

राष्ट्र बैङ्कले आगामी आवको मौद्रिक नीतिमा ब्याजदर करिडोरअन्तर्गतका नीतिगत दर स्थायी निक्षेप सुविधा दर एवम् बैङ्कदरलाई यथावत राखेको छ । त्यस्तै गरी अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात एवम् स्थायी तरलता सुविधासम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको मौद्रिक नीतिमा उल्लेख गरिएको छ ।

**नेपाली बैङ्कले विदेशी बैङ्कको फन्डमा लगानी गर्न पाउने**

राष्ट्र बैङ्कले मौद्रिक नीतिमार्फत पहिलो पटक विदेशी मुद्रा खरिदमार्फत हुने तरलता प्रवाह व्यवस्थापनलाई सहज बनाउन वाणिज्य बैङ्कहरूलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहित गरिनुका साथै विदेशी मुद्रा खरिदकै बखत 'स्टेरलाइन्ड इन्टरभेन्सन' गर्ने नीतिगत व्यवस्था गरेको छ ।

कार्यकारी निर्देशक तिमिल्सनाले नेपालका बैङ्क तथा वित्तीय संस्थाले विदेशका केन्द्रीय बैङ्कको सेक्युरिटी तथा बन्ड फन्डहरूमा लगानी गर्ने व्यवस्था गर्न लागिएको बताउनुभयो । राष्ट्र बैङ्कले व्यक्तिगत क्रेडिट स्कोरिङ प्रणालीमा आधारित 'पियर टु पियर' लेनदेन सञ्चालन गर्ने विषयमा आवश्यक अध्ययन गर्ने मौद्रिक नीतिमा समावेश गरेको छ । साथै नेपाल सरकारले जारी गरेका राष्ट्रिय प्रतिबद्धता, शासकीय सुधारसम्बन्धी १०० कार्यसूची एवम् बजेट वक्तव्यमा उल्लेख भएका यस बैङ्कसँग सम्बन्धित कार्यक्रमहरू सम्बन्धित निकायसँगको समन्वयमा क्रमश: कार्यान्वयन गर्दै लैजाने मौद्रिक नीतिमा उल्लेख गरिएको छ । *रासस*

***दलको...***

नीति तोड्न या छोड्न दबाब दिए । देशभित्र बढ्न थालेको वामपन्थी विचारले अमेरिकी प्रशासन तात्न थालेको छ । अमेरिकी राष्ट्रपति छटपटिन थालेका हुन् । राष्ट्रपतिको शासन शैलीमा बढेको विरोधले उनी देशमा कम्युनिस्ट पार्टीलाई स्थान छैन भनी बर्बराउन थालेका हुन् । अमेरिका पहिलेभन्दा बलियो, शक्तिशाली होइन कमजोर बन्दै गएको छ । आर्थिक समस्याले पनि अमेरिका तल झर्दै छ । ट्रम्पले आफ्नो आक्रामक शैली आत्मसात गर्दै यो अमेरिकी इतिहासकै नयाँ स्वर्णिम युगको सुरूआत भएको घोषणा गर्न पनि पछि परेनन् ।

स्वाधीन तथा सार्वभौम देशमा आफैले आक्रमण गरेर, आक्रमणमा सहयोग गरेर आफैले शान्ति वार्ताको आह्वान गरेर विश्वका शान्ति नायक घोषणाको माग गर्ने अमेरिकी राष्ट्रपति कति नालायक रहेछ भन्ने कुरा आफ्नै अभिव्यक्तिबाट थाहा हुन्छ । अमेरिकी प्रशासनको विरोध गर्नुको अर्थ पुँजीपतिवर्गको मात्र होइन साम्राज्यवादको विरोध गर्नु पनि हो । यही कारण अमेरिकामा कम्युनिस्टहरू देखिएका हुन् । कम्युनिस्टहरूको आन्दोलन अपरिहार्य छ । कम्युनिस्टहरूको आन्दोलनले त्यस देशका अन्य देशभक्तहरूको आन्दोलनमा सहयोग पुऱ्याउँछ ।

# दैलेख दुर्घटना : कर्णालीमा बेपत्ता एक जनाको शव कैलाली भेटियो

कर्णाली, २३ असार । यही असार १८ गते सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको क प्र ०२-००१ ख १०५५ नम्बरको सवारी दुर्घटना हुँदा कर्णाली नदीमा बेपत्ता चार जनामध्ये एक जनाको शव कैलाली जिल्लामा भेटिएको छ ।

मोहन्याल गाउँपालिका-६ कैलालीमा भेटिएको शव पहिचान गर्दा पचालझरना गाउँपालिका-९ कालीकोटका मेखे तिरुवा रहेको उहाँका छोरा रवीन्द्र तिरुवालाई उदृत गर्दै जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । इलाका प्रहरी कार्यालय चिसापानी कैलालीका प्रमुख प्रहरी निरक्षक मीरा खड्काले पनि शव ६२ वर्षीय मेखे तिरुवा नै रहेको राससलाई जानकारी दिनुभयो ।

प्रहरी नायब उपरीक्षक विकका अनुसार मृतक मेखेसहित हराएका रास्कोट नगरपालिका-२ खड्कागाउँका सिर्जना खड्का, पञ्चपुरी नगरपालिका-८ सुर्खेत माझीगाउँका चालक तुलाराम सुवेदी, सहचालक रामप्रसाद सुवेदी र सवारी अझै पत्ता लागेको छैन । उक्त सवारी दैलेख, चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साङगेतडामा दुर्घटना भएको थियो ।

बेपत्ता व्यक्तिहरूसहित गाडीको खोजीमा 'रिभर भेहिकल म्याग्नेट', 'सोनार', 'ड्रो' न र 'बोरेस्कोप क्यामरा' सहितको उच्च प्रविधियुक्त गोताखोर टोली, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना गरेर करिब १०० जना जनशक्ति पाँच दिनदेखि परिचालन गरिएका छ ।

हार्दिक समवेदना



जन्म
१९८१/०६/२९

स्वर्गारोहण
२०८३/०३/१७

भक्तपुर नगरपालिकाका प्रथम मेयर **रत्नसुन्दर साँय्जु**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

हार्दिक समवेदना



जन्म
१९९९/०६/१९

स्वर्गारोहण
२०८३/०३/१४

भक्तपुर नगरपालिका कार्यपालिकाका सदस्य रञ्जना त्वातीका पूजनीय पिता **हरिराम त्वाती**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा